**कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित**

# नेपाल रिपब्लिक मिडिया लिमिटेड

# Nepal Republic Media Limited


Nepal Republic Media

रजिष्टर्ड/कर्पोरेट कार्यालय : जेडिए कम्प्लेक्स सुन्धारा काठमाण्डौं, नेपाल ।

फोन नं :०१-४२६५१००, फ्याक्स नं. ४२५२२६२

E-mail: info@nagariknews.com |URL: www.nepalrepublicmedia.com


को

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# विवरणपत्र

कम्पनीले यस विवरणपत्र मार्फत आफ्नो जारी पूँजी रु.९६,७५,००,०००/-(अक्षरेपी छयानब्बे करोड पचहत्तर लाख रुपैया मात्र) को ४४.९९२२% ले हुन आउने रु.४३,५३,००,०००/- (अक्षरेपी त्रिचालीस करोड त्रिपन्न लाख रुपैया मात्र) रकम बराबरको प्रति शेयर रु.१००।- अंकित दरको ४३,५३,००० कित्ता साधारण शेयर मध्ये सर्वसाधारणलाई छुट्टयाएको शेयर मध्येको ४ प्रतिशतले हुन आउने १,७४,१२० कित्ता शेयर कर्मचारीहरु र २,१७,६५० कित्ता (५ प्रतिशत) शेयर सामुहिक लगानी कोषको लागि तथा १० प्रतिशतले हुन आउने ४,३५,३०० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागी सुरक्षित गरी बाँकी रहने ३५,२५,९३० कित्ता साधारण शेयरहरु सर्वसाधारणका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ (छैठौं संशोधन सहित) को अधिनमा रही निष्काशन गरिनेछ ।

**कम्पनीको नेटवर्थ सम्बन्धी तालिका :**

| विवरण | वास्तविक | | | अपरिस्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व. ०७६/०७७ | आ.व. ०७७/०७८ | आ.व. ०७८/०७९ | आ.व. २०७९/०८० को तेस्रो त्रैमासिक | आ.व. ०७९/०८० | आ.व. ०८०/०८१ | आ.व. ०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | (९.८१) | ९२.६० | ८४.४७ | ८६.१३ | ९९.७६ | १०७.९४ | १२०.४१ |
| प्रति शेयर आम्दानी (रु.) | (२४.६०) | (१३.६०) | (१०.४७) | ७.२२ | १.२२ | ५.५५ | ९.६६ |
| संचित मुनाफा/(नोक्सान) (रु.) | (४१४,५७०,२७४) | (४६३,५७६,१३९) | (५१०,८३७,४१७) | (४७२,४१०,७५२) | (४६३,५५८,९२१) | (४०९,९०४,४९१) | (३१६,४४७,७८४) |

**दरखास्त साथ प्रति साधारण शेयर अकिंत मुल्य रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात् धितोपत्र बजारमा हुने कारोबार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८ पृष्ठ नं. २१** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहिता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लेखित कुराको सत्यता वा निष्काशनकर्ता वा आयोजनाको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको बारेमा कुनै प्रकारको प्रत्याभूति गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**संस्थापक, सञ्चालकहरु र संस्थापक शेयरधनीहरुका एकाघरको सदस्यले यस विवरणपत्र मार्फत निष्काशन गरिने प्राथमिक सार्वजनिक निष्काशनमा आवेदन दिन पाउने छैनन् । साथै, यस विवरणपत्र मार्फत कर्मचारीहरुलाई बिक्री वितरण गरिएको शेयर तथा संस्थापक शेयर सर्वसाधारणका लागि निष्काशन गरिएको शेयर बाँडफाँट भएको मितिले तीन वर्ष पूरा नभई बिक्री वितरण गर्न वा हस्तान्तरण गर्न पाइने छैन ।**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लि., काठमाण्डौंबाट इस्युर रेटिङ्ग गराई "IRN B+ (Is)" [Single B Plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा उच्च जोखिम (High risk of default regarding timely servicing of financial obligations) रहेको जनाउँदछ । सो रेटिङ्ग को वैधता अवधि एक बर्ष रहनेछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको **दफा ग.२२(ट) पृष्ठ नं. ५८** मा उल्लेख गरिएको छ ।

रेटिङ्ग प्रदान गरेको मिति : बि.सं. २०७९/०६/३० (ई.सं. २०२२/१०/१६) रेटिङ्ग बहाल रहने अवधि : बि.सं. २०८०/०६/२५ (ई.सं. २०२३/१०/१२)

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्रमा स्वीकृत भएको मिति : २०८०/०१/११

कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०८०/०१/१५

| वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा : | | | |
|---|---|---|---|
| **दरखास्त दिनुपर्ने न्यूनतम शेयर संख्या :** | १० कित्ता | **निष्काशन खुल्ला हुने मिति :** | २०८०/०१/३१ गते |
| **दरखास्त दिन पाउने अधिकत्तम शेयर संख्या :** | ५०० कित्ता | **निष्काशन बन्द हुने मिति :** | २०८०/०२/१४ गते (बैंकिङ्ग समय पश्चात्) |

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

MEGA CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड
(100% Subsidiary of Mega Bank Nepal Limited)

मेगा क्यापिटल मार्केट्स लिमिटेड
साकेट कम्पलेक्स, त्रिपुरेश्वर, काठमाण्डौं, नेपाल
फोन.नं.:०१-५३६२७७२, ५३६२७७५
email: info@megacapitalmarkets.com
website: www.megacapitalmarkets.com

यस "विवरण-पत्र" धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको website: www.megacapitalmarkets.com, नेपाल रिपब्लिक मिडिया लिमिटेडको website: www.nepalrepublicmedia.com र नेपाल धितोपत्र बोर्डको website: www.sebon.gov.np बाट समेत हेर्न सक्नु हुनेछ ।

## ख.१ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषाः

क) "विवरणपत्र" भन्नाले कम्पनी ऐन, २०६३ को दफा २३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम प्रकाशित विवरणहरु भएको पुस्तिका सम्झनु पर्छ ।

ख) "धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक" भन्नाले मेगा क्यापिटल मार्केट्स लिमिटेड, साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाण्डौंलाई सम्झनु पर्छ ।

ग) "धितोपत्र" भन्नाले संगठित संस्थाले जारी गरेको शेयर सम्झनु पर्छ ।

घ) "संगठित संस्था/कम्पनी" भन्नाले निष्काशनकर्ता कम्पनी नेपाल रिपब्लिक मिडिया लिमिटेड, जेडिए कम्प्लेक्स सुन्धारा, काठमाण्डौलाई सम्झनु पर्छ ।

ङ) "संकलन केन्द्र" भन्नाले सार्वजनिक निष्काशन को लागि तयार गरिएको विवरण-पत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संकलन केन्द्रहरुलाई सम्झनु पर्छ ।

च) "निष्काशन बैंक" भन्नाले निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता गरी धितोपत्र निष्काशनको क्रममा रकम जम्मा गर्न जिम्मेवारी लिने बाणिज्य बैंक तथा राष्ट्रिय स्तरको विकास बैंकलाई सम्झनु पर्छ ।

छ) "नियमन निकाय" भन्नाले नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयलाई सम्झनु पर्छ ।

ज) "संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन" भन्नाले नेपाल रिपब्लिक मिडिया लिमिटेडको संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापनलाई सम्झनु पर्छ ।

झ) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्डलाई सम्झनु पर्छ ।

ञ) "कम्पनीका कर्मचारीहरु" भन्नाले नेपाल रिपब्लिक मिडिया लिमिटेडका पदाधिकारीहरु लगायतका कर्मचारीहरुलाई सम्झनु पर्दछ ।

ट) "वित्तीय विवरण" भन्नाले संगठित संस्थाको वासलात, आय व्यय विवरण, नगद प्रवाह विवरण सम्झनु पर्दछ र सो शब्दले ईक्विटीमा भएको परिवर्तनको विवरण र लेखा नीति तथा लेखासंग सम्बन्धित टिप्पणीहरु समेतलाई जनाउंदछ ।

(ठ) "आधारभूत शेयरधनी" भन्नाले कम्पनीको चुक्ता पूँजी २५ करोड भन्दा कम भएको हकमा ५ प्रतिशत र २५ करोड भन्दा बढी भएको हकमा १ प्रतिशत वा सो भन्दा बढी साधारण शेयर लिएको शेयरधनी सम्झनु पर्छ ।

(ड) "प्रति शेयर आम्दानी" भन्नाले कर पछिको नाफालाई कुल शेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

(ढ) "प्रति शेयर नेटवर्थ" भन्नाले कम्पनीको कुल नेटवर्थलाई कुल सेयर संख्याले भाग गर्दा आउने प्रतिफललाई सम्झनु पदर्छ ।

(ण) "संचारगृह" भन्नाले विभिन्न समाचार/सूचनामूलक पत्रपत्रिका छपाई, प्रकाशन तथा बिक्री वितरण सहित विज्ञापनजन्य र अन्य व्यवसायिक कार्य गर्ने निजी कम्पनी तथा निकायहरु सम्झनु पदर्छ र सो शब्दले यहाँ नेपाल रिपब्लिक मिडिया लिमिटेडलाई समेत जनाउंदछ ।

## ख.२. विवरण-पत्र तथा दरखास्त फारम प्राप्त गर्ने र दरखास्त साथ रकम बुझाउने स्थान :

**विवरणपत्र पाइने स्थानहरु :**

| सि.नं. | विवरणपत्र प्राप्त गर्ने स्थानको नाम र ठेगाना |
|---|---|
| १. | मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं । |
| २. | नेपाल रिपब्लिक मिडिया लिमिटेड, जेडिए कम्प्लेक्स, सुन्धारा, काठमाण्डौं । |

साथै विवरण पुस्तिका मेगा क्यापिटल मार्केट्स लिमिटेडको वेभसाईट www.megacapitalmarkets.com, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.nepalrepublicmedia.com वा नेपाल धितोपत्र बोर्डको वेभसाईट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरण पुस्तिका हेर्न सक्नु हुनेछ ।

**दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :**

| | |
|---|---|
| **वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि :** | |
| १ | नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C–ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |
| **सर्वसाधारण शेयरधनीहरुको हकमा :** | |
| १ | नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि-आस्वा (C–ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

**नोटः सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिनेछ ।**

**ग.१. धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता कम्पनी तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संगठित संस्थाको व्यवस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धता पत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**ग.२. संगठित संस्थाको उद्घोषण :**

**ग.२.क. संचालकहरुको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरण-पत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरण-पत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यता प्रति यस विवरण-पत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु व्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख. संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस नेपाल रिपब्लिक मिडिया लिमिटेडले प्रकाशित गरेको विवरण-पत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौ । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरण-पत्र र सो मा उल्लेखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । साथै कम्पनीले कम्पनी रजिष्ट्रार कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम पेश गर्नु पर्ने आ.व. ०७८/०७९ सम्मको विवरणहरु मिति २०७९/०६/२५ पेश गरेको हुनाले कम्पनी रजिष्ट्रार कार्यालयबाट मिति २०७९/०६/२६ मा प्राप्त पत्र अनुसार उक्त आ.व. सम्म कम्पनी अध्यावधिक रहेको जानकारी गराउँदछौं ।

**ग.२.घ. संस्थापक, सञ्चालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस कम्पनीको संस्थापक, सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत कालो सूचीमा रहेको अन्य संगठित संस्थामा सञ्चालक वा कार्यकारी प्रमुख रहेका छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा सञ्चालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमतिपत्र खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५. यस कम्पनीको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा प्रमुख कार्यकारी अयोग्य रहेका छैनन् ।

**ग.३ संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क. संगठित संस्थाको पृष्ठभूमि**

**(क) संगठित संस्थाको नाम :** नेपाल रिपब्लिक मिडिया लिमिटेड (Nepal Republic Media Limited)

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं. ११, जेडिए कम्पलेक्स, सुन्धारा, काठमाण्डौंमा रहेको छ ।

**(घ) कारोबार गर्ने मुख्य स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं.११, जेडिए कम्पलेक्स, सुन्धारा, काठमाण्डौंमा रहेको छ ।

**(ङ) संगठित संस्थाको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरुः**

कम्पनीको स्थापनाकाल देखि हालसम्मको /संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ ।

(१) नेपाल रिपब्लिक मिडिया लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५/०४/२० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भएकोमा मिति २०७८/०३/०७ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आइरहेको छ । नेपालको ईतिहासमा २०४६ सालपछि परिवर्तन भएका व्यवस्थाहरुसंगै आमनागरिक पनि समय अनुसार जानकार हुनुपर्दछ भन्ने मान्यताका साथ यस मिडियाका प्रकाशकहरुले निजी मिडिया संचालन गर्ने सोच सहित नेपालमा प्राईभेट क्षेत्रबाट मिडिया संचालन गर्न शुरु गर्नु भएको थियो । लामो समय निजामती सेवाको उच्च तहमा रहि काम गर्नु भएका स्व. हेमराज ज्ञवाली तथा व्यवसायी बिनोदराज ज्ञवाली तथा शोभा ज्ञवाली समेतको नेतृत्वमा नै नेपालमा सशक्त रुपले आम नागरिकको आवाज उठाउन सक्ने बलियो निजी संचारगृहको स्थापना भएको हो । उक्त संचार गृहलाई देशकै अग्रणी संचार गृहको रुपमा स्थापित गरीसकेपछी अझ परिस्कृत रुपमा एउटा फरक धारमा व्यक्तिगत तथा संस्थागत स्वार्थभन्दा माथि उठेर आम नागरिक साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतले समेत भरोसा गर्न योग्य संचार गृह बनाउने उद्देश्यका साथ स्थापना भएको संचार गृह हो नेपाल रिपब्लिक मिडिया । अहिले यो संचार गृह नेपालमा निजी क्षेत्रबाट संचार गृह संचालन गर्ने स्थापना कालका परिकल्पनाकार स्व. हेमराज ज्ञवालीका छोरा बिनोदराज ज्ञवालीको नेतृत्वमा संचालनरत रहेको छ ।

(२) कम्पनीले मिति २०६६/०१/११ देखि नागरिक दैनिक र Republica दैनिक पत्रिकाहरु प्रकाशन गर्न शुरु गरेको हो । प्रकाशनको शुरुवाती दिनदेखि नै देश विकासको मेरुदण्ड रहेको आर्थिक कृयाकलापहरुको सम्पूर्ण जानकारी, योजना र राज्यले प्राथकिमतामा राख्नुपर्ने विषयवस्तुलाई समेटेर समग्र देशको आर्थिक कृयाकलापको प्याकेज समेटिएको ४ पेजको छुट्टै संस्करण नागरिक संगै दैनिक रुपमा प्रकाशन गर्दै आएको छ । जसले गर्दा आर्थिक प्याकेज सहितको यस संचार गृहको नागरिक दैनिक बजारमा निकै लोकप्रिय रहन सफल भएको छ । अहिले यस मिडियाले समय समयमा निकाल्दै आएको नयाँ नयाँ शैलीका विषयवस्तुलाई क्रमशः अन्य मिडियाहरुले समेत पछ्याउँदै आएको कारणले यस संचार गृहको पत्रकारिताको धार स्थापित हुन पुगेको छ । जस्तै साहित्यमा रुची राख्ने पाठकहरुको लागि तयार गरिएको परिशिष्टाङ्क “अक्षर”, विश्वबजारमा समय समयमा भएका परिवर्तन अनुसारको जीवनशैली पछ्याउने पाठकहरुको लागि तयार गरिएको परिशिष्टाङ्क “जिवनशैली”, बालबालीकाको रुची अनुसारका सामाग्रीहरु समेटेर तयार गरिएको परिशिष्टाङ्क “जुनकीरी”, नेपालको पर्यटन बजार र संभाव्यतालाई विश्लेषण गरिएको जानकारी मुलक परिशिष्टाङ्क “घुमफीर” जस्ता पाठ्यसामाग्रीहरु नेपाली आम पाठकहरुको बीचमा निकै लोकप्रिय सावित भएका छन् । यसैगरी आधुनिक समाजमा छापा पत्रकारितासंगै डिजिटल पत्रकारिताको पनि उत्तिकै महत्व छ भन्ने बुझेर डिजिटल प्रविधिलाई पनि संगसंगै अगाडि ल्याएको हो, जस्ले नेपाली पत्रकारिता क्षेत्रको अग्रिणी स्वरुपमा नेतृत्व गर्दै आईरहेको संस्था हो नेपाल रिपब्लिक मिडिया भन्ने प्रमाणित भैसकेको छ ।

(३) यस संचार गृहले नेपाली पत्रकारिताको क्षेत्रमा सधै पाठकहरुको चाहाना अनुरुपको प्रकाशनहरु पाठकहरु समक्ष पुऱ्याउनुपर्छ भन्ने मान्यता राख्दै आम पाठकको पहुँच राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका पत्रपत्रिकामा सहजै पुगोस भन्ने उद्देश्यका साथ मिति २०६८/०४/०४ देखि नेपालमा अन्तराष्ट्रिय दैनिक पत्रिका The New York Times को International Edition को नियमित प्रकाशन तथा बिक्री वितरण गर्दै आईरहेको छ । यस मिडियाले राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा कमाएको विश्वसनियता र निस्वार्थ, निष्पक्ष पत्रकारिता सहित आमनागरिकको सेवामा समर्पित भएर लगानी गरेका प्रकाशकको भरोसा र विश्वासयोग्य कदमको कारणले गर्दा नै अन्तराष्ट्रिय क्षेत्रमा निकै नाम कमाउन सफल यस्ता पत्रिकाहरुले नेपाल रिपब्लिक मिडियासंग सहकार्य गरी प्रकाशन र बिक्री वितरणको जिम्मेवारी दिई कार्य गर्न तत्पर हुनुले पनि यस संचार गृह आफैंमा सफल रहेको पुष्टि गर्दछ ।

(४) करीब १४ वर्ष देखि शुरु भएको नागरिक नेपाली दैनिक तथा रिपब्लिका अंग्रेजी दैनिकहरुले जुन उचाई हासिल गरी पाठकहरुको विश्वास जितेको छ, त्यस कुराले कम्पनीलाई नेपाली पत्रकारिता जगतमा एक सफल र निपष्क्ष पत्रिकारिताको लागि समर्प्रित प्रकाशन गृहको रुपमा स्थापित गर्न सफल भएको छ ।

यसरी सफलता हासिल गर्ने क्रममा कम्पनीले शुक्रबार, नामको थप साप्ताहिक मनोरन्जनात्मक पत्रिका तथा परिवार नामको मासिक म्यागजिन समेत प्रकाशनमा ल्याईसकेको छ ।

(५) कम्पनीका प्रकाशनहरु शुरु गर्दाको अवस्थामा नै स्थानिय ललितपुर इमाडोलमा आफ्नै एक अत्याधुनिक छापाखाना (प्रेस) स्थापना गरी प्रकाशन कार्य शुरु गरेको केहि वर्ष भित्र नै यस कम्पनीले आफ्नो क्षेत्रिय छापाखाना सहितको कार्यालय स्थापना गरी बिराटनगर, नेपालगञ्ज, बुटवल र पोखराबाट समेत आफ्ना प्रकाशनहरु प्रकाशन गरी स्थानिय संस्करण सहितको नेपालकै सबैभन्दा ठूलो आफ्नै प्रेस नेटवर्क भएको मिडिया हाउसको रुपमा स्थापित गरिसकेको छ ।

(६) कम्पनीले राष्ट्रिय स्तरमा कायम रहेको केन्द्रकित पत्रकारितालाई बिस्तारै मोसफलसम्म बिस्तार गर्ने नीति अनुरुप सबैको चाहना र भावनालाई प्रतिविम्बित गर्दै आमनागरिकहरुको सूचनाको अधिकारलाई यथोचित सम्मान र प्राथमिकता दिदै फरकधारमा सामाजिक जिम्मेवारीताका साथ पत्रकारिता गर्ने प्रयास गरेकोमा छोटो समयमा नै उक्त धारलाई स्थापित गर्न सफल भएको छ, जस अन्तर्गत देशको संघियताको मर्म अनुसार प्रादेशिक संरचनामा जाने तयारी भईरहँदा पत्रकारिता पनि सोहि अनुसारको संरचनामा जानुपर्दछ भन्ने हेतुका साथ नेपालगंज, बिराटनगर तथा पोखराबाट पूर्वेली तथा पश्चिमेली नामका क्षेत्रिय संस्करणहरुको समेत प्रकाशन शुरु गर्नुले कम्पनी वास्तवमा जिम्मेवार पत्रकारिता सहित मोफसलमा विकेन्द्रित प्रादेशिक तथा स्थानिय आर्थिक तथा व्यवसायिक अवसरहरुलाई समेत कम्पनीको तर्फबाट व्यवसायिक मूलधारमा संलग्न गराई स्थानिय स्तरमा ठूलो बजार हिस्सामा पकड जमाउन सफल रहनुले कम्पनीको व्यवसायिक दुरदर्शिता पुष्टि गर्दछ ।

कम्पनीको संचालनमा रहेका शाखा संजाल निम्न बमोजिम छन् :

| **क्र.सं** | **शाखा कार्यालयको नाम** | **शाखा कार्यालय रहेको स्थान** |
|---|---|---|
| १. | प्रधान कार्यालय | काठमाडौं महानगरपालिका ,वडा नं.११<br>जे.डि.ए कम्प्लेक्स, वागदरवार, सुन्धारा , काठमाडौं |
| २. | काठमाडौं प्रेस तथा शाखा कार्यालय | महालक्ष्मी नगरपालिका वडा नं.१९ ईमाडोल, ललितपुर । |
| ३. | बिराटनगर शाखा कार्यालय | बिराटनगर महानगरपालीका वडा नं. ४ खार्जी |
| ४. | नेपालगंज प्रेस तथा शाखा कार्यालय | नेपालगंज उपमहानगरपालीका वडा नं. १८ कारकाँदो |
| ५. | पोखरा प्रेस तथा शाखा कार्यालय | पोखरा महानगरपालीका वडा नं.७ अन्नपुर्णमार्ग, एयरपोर्ट । |
| ६. | बुटवल शाखा कार्यालय | बुटवल उपमहानगरपालीका वडा नं. ८ बुटवल । |
| ७. | चितवन शाखा कार्यालय | भरतपुर महानगरपालीका वडा नं.१० पारस बसपार्क चोक । |

७. **नेट प्रेजेन्ट भ्यालुको गणना तालिका :**

| **आर्थिक वर्ष** | **लगानी** | **खूद नाफा** | **ह्रास कट्टी, ब्याज र परिशोधन** | **नगद प्रवाह** | **पिभि फ्याकटर (१५%)** | **पिभि** |
|---|---|---|---|---|---|---|
| २०७८।७९ | (८२९,८९४,९०८) | | | (८२९,८९४,९०८) | १।००० | (८२९,८९४,९०८) |
| २०७९।८० | (७१,८००,०००) | ६,५१७,०६१ | ७४,१५२,८४० | ८,८६९,९०१ | ०।८७० | ७,७१२,९५७ |
| २०८०।८१ | (४३५,३००,०००) | ५३,६५४,४३० | ३९,६७५,४५३ | (३४१,९७०,११७) | ०।७५६ | (२५८,५७८,५३८) |
| २०८१।८२ | | ९३,४५६,७०७ | ३६,३१०,६१३ | १२९,७६७,३२० | ०।६५८ | ८५,३२४,११९ |
| २०८२।८३ | | १६०,३८०,०६२ | ४०,८२५,८७८ | २०१,२०५,९३९ | ०।५७२ | ११५,०४०,१४९ |
| २०८३।८४ | | १९३,४८४,५८८ | ३१,५८४,४२२ | २२५,०६९,००९ | ०।४९७ | १११,८९९,०७५ |
| टर्मिनल भ्यालू (Terminal Value) | | | | २,०२०,९१२,९६५ | ०।४३२ | ८७३,६९६,४४४ |
| खुद वर्तमान मुल्य | | | | | | १०५,१९९,२९८ |
| साधारण लगानी फिर्ता अवधि | | | | | | ७.३२ वर्ष |
| डिस्काउन्टमा लगानी फिर्ता अवधि | | | | | | १३.४२ वर्ष |
| इन्टर्नल रेट अफ रिटर्न | | | | | | १७.१५% |

**कम्पनीसंग सम्बन्धित विवरण तथा अनुपातहरु :**

| | |
|---|---|
| नेट प्रेजेन्ट भ्यालु (Net Present Value (NPV)) @ 15 % | १०५,१९९,२९८ |
| इन्टर्नल रेट अफ रिटर्न (Internal Rate of Return (IRR)) | १७.१५% |
| लगानी फिर्ता हुने अवधि (Pay Back Period (PBP)) | ७ वर्ष ४ महिना |
| डिस्काउन्टमा लगानी फिर्ता अवधि (Discounted Pay Back Period) | १३ वर्ष ६ महिना |

NPV तथा IRR गणना गर्दा Cash Flow Basis विधि अनुरुप गणना गरिएको छ ।

**कम्पनीको प्रबन्धपत्रको दफा ४ अनुसार कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :**

क) नेपाली, अंग्रेजी लगायत विभिन्न भाषामा विभिन्न किसिमका दैनिक, साप्ताहिक, पाक्षिक, मासिक तथा विद्युतिय माध्यमबाट अनलाईन पत्रपत्रिकाहरु प्रकाशन, प्रसारण गर्नुका साथै पत्रपत्रिकाहरु तथा पुस्तक पुस्तिकाहरु अन्य स्थानिय तथा चलन चल्तीका विभिन्न भाषाहरुमा प्रकाशन गरी बिक्री वितरण समेत गर्ने गराउने ।

ख) पत्रपत्रिका प्रकाशनका लागी आवश्यकतानुसार विभिन्न संघ संस्थाहरु तथा आफ्नै तर्फबाट समेत समाचार तथा अन्य प्रकाशन सामाग्रीहरु संकलन गरी प्रकाशन गर्ने गराउने ।

ग) विभिन्न व्यक्तिहरुले लेख्नु भएको लेख रचना तथा पुस्तक आदिको प्रकाशक भई छपाई गरी बिक्री वितरण गर्ने र विभिन्न खोज तथा अनुसन्धानमूलक पत्रपत्रिका आदिको प्रकाशन तथा वितरणको कार्य गर्ने गराउने ।

घ) पुस्तक, पत्रपत्रिका एंव अन्य मुद्रण सम्बन्धी काम गर्नका लागि विभिन्न किसिमका छापाखानाहरु राखि छपाई तथा ब्यान्डिङ्ग आदि कार्यहरु लगायत आवश्यकतानुसार सादा तथा रंगीन छपाई गर्ने छापाखाना प्रेस संचालन र छापाखाना सम्बन्धी सम्पुर्ण कार्य गर्ने गराउने ।

ङ) कम्पनीका प्रकाशनहरु ग्राहक वर्गसम्म पुऱ्याउनका लागि आवश्यकतानुसार सम्बन्धित निकायहरुबाट स्वीकृति लिई नेपाल भरी विभिन्न ठाँउहरुमा आफ्नै छापाखाना राख्ने वा अन्य छापाखाना बहालमा लिई सेवा प्रदान गर्ने गराउने ।

च) संचार तथा पत्रकारिता क्षेत्रमा दक्ष जनशक्ति तयार गर्नका लागि विशेष प्रकृतिका विषयगत तालिम, सेमिनार, गोष्ठीहरु आवश्यकतानुसार संचालन गर्ने गराउने र विदेशमा भाग लिने ।

छ) कम्पनीलाई पत्रपत्रिका तथा अन्य प्रकाशनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, मेशिनरी कागज आदि स्वदेश तथा विदेश समेतबाट आयातगरी आवश्यक खरिद बिक्री गर्ने गराउने ।

ज) कम्पनीको आफ्नो प्रकाशनको लागि समाचार संकलन एंव बजार व्यवस्था गर्नका लागि आवश्यक स्वीकृति लिई स्वादेश तथा विदेशमा शाखा, उपशाखाहरु खोलि कार्य गर्ने गराउने ।

झ) विभिन्न स्वदेशी तथा विदेशी विद्धानहरुद्धारा लिखित लेख, रचना, पुस्तकहरु तथा विदेशी प्रकाशकहरुले प्रकाशन गरेको पुस्तकहरु नेपालको लागि प्रकाशक तथा वितरक भई प्रकाशन (Publication) तथा वितरण (Distribution) सम्बन्धी व्यावसाय गर्ने गराउने ।

ञ) स्वदेशी तथा विदेशी प्रकाशनका पुस्तकहरु खरिद बिक्री गर्ने गराउने र त्यस्ता पुस्तकहरुको वितरणको कार्य गर्ने गराउने ।

ट) विभिन्न स्टेशनरीका सामानहरुको छपाई, उत्पादन, खरिदबिक्री गरी वितरण समेत गर्ने गराउने ।

ठ) प्रकाशन व्यावसायसंग सम्बन्धी सम्पादन (Editing), लेखन (Writing), अनुदान (Translation), फोटोग्राफी (Photography) लगायतका छपाई सम्बन्धी कार्यहरु गर्ने गराउने ।

ड) विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसंग आवश्यक सम्पर्क/सम्झौता गरी प्रकाशन छपाई सम्बन्धी कार्यहरु गर्नका लागि व्यवसायिक रुपमा नियमित प्रकाशन (Publication) तथा वितरण (Distribution) एजेन्ट भई कार्य गर्ने गराउने ।

ढ) प्रकाशन सम्बन्धी कायको लागि आवश्यक पर्ने कम्प्यूटर, टाईप सेटिङ्ग, वाईण्डिङ्ग, लगायतको सेवा तथा स्ट्याम्प, लोगो आदि निर्माण विकास समेतको कार्य गर्ने गराउने ।

ण) कम्पनीको उद्देश्य अनुरुप कार्य गर्न, आवश्यकता अनुसार विभिन्न विज्ञापनजन्य कार्य गर्नुका साथै छपाई तथा प्रकाशन सम्बन्धी कार्यका लागि प्रिटिङ्ग सर्पोट सेन्टरको रुपमा कम्पनीलाई विकास गरी आवश्यक खरिद बिक्री सम्बन्धी कार्य समेत गर्ने गराउने ।

**संस्थाले आफ्नो उद्देश्य अनुरुपको कामकारवाही अगाडि बढाउने सन्दर्भमा हालसम्म भए/गरेका सम्झौताहरुको विवरण :**

| क्र.सं. | सम्झौता मिति (बिं.सं.) | सम्झौता गर्ने निकाय/संस्था | सम्झौताको संक्षिप्त विषयवस्तु | सम्झौता बहाल रहने अवधि (बिं.सं.) |
|---|---|---|---|---|
| १. | ०१/११/२०७७ | एक्वा मिनरल नेपाल प्रा.ली | विज्ञापन सेवा प्रकाशन | २९/१०/२०७९ |
| २. | ०१/०४/२०७७ | एमिगोस सप्लायर्स प्रा. ली | न्युजपेपर टान्सपोटेसन् | ३२/०३/२०८० |
| ३. | ०१/०७/२०७३ | काजिबाबु पाण्डेय | घरभाडा पोखरा प्रेस बिल्डिग | ३०/०६/२०८३ |
| ४. | ०८/०५/२०७४ | राजेन्द्र प्रसाद रिजाल | अफिस भाडा विराटनगर | ३२/०३/२०७९ |
| ५. | २७/०३/२०७९ | श्री प्रसाद श्रेष्ठ | अफिस भाडा वुटबल | ३०/१२/२०८१ |
| ६. | ०८/०८/२०७४ | फोर.सी पल्स इन्टरनेट कम्पनी लिमिटेड | सफ्टवेयर लाईसेन्स एकाउनटिङ्ग एण्ड न्युज सप्लाई | निरन्तर |
| ७. | ०१/०६/२०७८ | लक्ष्मी इन्टरकन्टिनेन्टल प्रा.ली | विज्ञापन सेवा सम्झैता | ३०/०५/२०८० |
| ८. | ०१/०६/२०७८ | शिखर इन्सुरेन्स कम्पनी ली. | विज्ञापन सेवा सम्झैता | ३२/०३/२०७९ |
| ९. | ०८/०८/२०७९ | राष्ट्रिय समाचार समिती | न्युज पोटल र न्युज बुलेसन सप्लाई | ३२/०३/२०८० |
| १०. | १७/१२/२०७८ | नेपाल टेलिभिजन | लाईभ ब्रोकाष्ट | ११/०१/२०७९ |
| ११. | १५/०८/२०७९ | एती एयरलाइन्स प्रा.लि | न्युजपेपर टान्सपोटेशन हवाई भाडा विज्ञापन प्रकाशन | ३२/०३/२०८० |
| १२. | ३२/०३/२०७१ | बुद्ध एयरलाइन्स प्रा.लि | न्युजपेपर टान्सपोटेशन हवाई भाडा विज्ञापन प्रकाशन | ३२/०३/२०८० |
| १३. | १७/०९/२०७७ | निम्बल इन्फोसिस प्रा.ली | HRM सफ्टवेयर खरिद | ३२/०३/२०७९ |
| १४. | २९/०६/२०७४ | एमनिल टेक्नोलोजी प्रा.ली | सफ्टवेयर मोवाइल एप टेक्नीकल सर्पोट | निरन्तर |
| १५. | १९/१२/२०७६ | डाटा हब प्रा.ली | सेवा | निरन्तर |
| १६. | १७/०८/२०७५ | जेनिसिस वेब टेक्नोलोजी | इपेपर अपडेट र विज्ञापन | निरन्तर |
| १७. | ०३/०१/२०७४ | अन्नपुर्ण टोल बिकास संस्था , पोखरा | कम्पनीको प्रेश संचालनको लागि समन्वय | निरन्तर |
| १८. | १२/०३/२०७६ | लक्ष्मण भट्टराई | आइटी सर्पोट | निरन्तर |
| १९. | ०४/१०/२०७३ | ई सेवा फोन पे प्रा.ली | पेमेन्ट गेटवेय | निरन्तर |
| २०. | २८/११/२०७४ | सेक्युर आलाम टेर्डस् | सिसिटीभी क्यामरा इन्स्टलेसन | निरन्तर |
| २१. | ०२/१२/२०७२ | वर्डलिक्क कम्युनिकेसन प्रा.ली | ब्यान्डविथ शेयर | निरन्तर |
| २२. | ०७/०१/२०७५ | भायनेट कम्युनिकेसन प्रा.ली | इन्टरनेट एक्सचेन्ज सर्भिस | निरन्तर |
| २३. | ०२/०१/२०७२ | सुबिसु केवलनेट प्रा.ली | इन्टरनेट एक्सचेन्ज सर्भिस | निरन्तर |
| २४. | १३/०१/२०७९ | एम ए डब्लु इन्जीनियरिङ्ग प्रा .ली | जेनेटर सर्भिसिङ्ग | ३०/१२/२०७९ |
| २५. | ०१/०४/२०७७ | जि.एम मिडिया प्रा.ली | न्युज सर्भिस प्रेभाइडर | निरन्तर |

**संस्थाले विभिन्न नियमन निकायबाट हालसम्म प्राप्त गरेको स्वीकृती /अनुमति/इजाजतहरुको विवरण :**

| | रजिष्टेशन मिति | स्वीकृती /इजाजत जारी गर्ने संस्था | प्रमाणपत्रको विवरण |
|---|---|---|---|
| १. | २३/०४/२०६५ | आन्तरिक राजस्व विभाग | प्यान/भ्याट दर्ता प्रमाणपत्र |
| २. | ०७/०३/२०७८ | कम्पनी रजिष्ट्रारको कार्यालय | पब्लिक कम्पनी दर्ता प्रमाणपत्र |
| ३ | १६/०३/२०७८ | कम्पनी रजिष्ट्रारको कार्यालय | कारोबार स्विकृतिको पत्र |
| ४ | ०७/०७/२०६५ | जिल्ला प्रशासन कार्यालय, काठमाडौं | नागरिक दैनिक प्रकाशन गर्ने स्थायी प्रमाणपत्र |
| ५ | ०६/०२/२०६६ | जिल्ला प्रशासन कार्यालय, बाँके | छापाखाना संचालन गर्ने प्रमाणपत्र |
| ६ | ०२/०६/२०६६ | जिल्ला प्रशासन कार्यालय, काठमाडौं | रिपब्लिका दैनिक प्रकाशन गर्ने स्थायी प्रमाणपत्र |
| ७ | १३/१२/२०७३ | पोखरा महानगरपालिका | छापाखाना संचालन गर्ने प्रमाणपत्र |
| ८ | ०५/११/२०६७ | जिल्ला प्रशासन कार्यालय, काठमाडौ | शुक्रबार साप्ताहिक प्रकाशन गर्ने स्थायी प्रमाणपत्र |
| ९ | ०३/०६/२०६७ | उघोग विभाग | टेड्मार्क रजिष्टेशन सर्टिफिकेट |

**नोट :** मिति २९/०४/२०७८ को जिल्ला प्रशासन कार्यालय, काठमाडौं को निर्णय अनुसार पत्रपत्रिका प्रकाशित गर्ने प्रमाणपत्रहरुमा प्रकाशकको नाम पब्लिक कम्पनी नेपाल रिपब्लिक मिडिया लिमिटेड कायम भएको ।

**प्रबन्ध पत्रमा भएको हालसम्मको संशोधनको विवरण**

| क.सं. | संशोधनको विषय | संचालक समितिबाट पारित मिति | साधारण सभा वा विशेष साधारण सभाबाट पारित मिति | कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | कम्पनीको पूँजी वृद्धि | २०७९/०४/०३ | २०७९/०४/२० | २०७९/०५/२६ | विशेष साधारण सभा |
| २ | कम्पनीको पूँजी वृद्धि | २०७९/०५/१६ | २०७९/०६/०६ | २०७९/०६/२६ | वार्षिक साधारण सभा |
| ३ | कम्पनीको पूँजी वृद्धि | २०७९/०६/११ | २०७९/०६/२८ | २०७९/०६/३० | विशेष साधारण सभा |

**नियमावलीमा भएको हालसम्मको संशोधनको विवरण**

| क.सं. | संशोधनको विषय | संचालक समितिबाट पारित मिति | साधारण सभा वा विशेष साधारण सभाबाट पारित मिति | कम्पनी रजिष्ट्रारको कार्यालयबाट अभिलेख भएको मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | नियमावलीको नियम ७ शेयर खरीद गर्ने शेयरधनीको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देज | २०७९/०५/१६ | २०७९/०६/०६ | २०७९/०६/२६ | वार्षिक साधारण सभा |
| २ | नियम २७ संचालक समितिको संख्या परिवर्तन | २०७९/०५/१६ | २०७९/०६/०६ | २०७९/०६/२६ | वार्षिक साधारण सभा |
| ३ | नियमावलीको नियम ७ शेयर खरीद गर्ने शेयरधनीको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देज | २०७९/०६/११ | २०७९/०६/२८ | २०७९/०६/३० | विशेष साधारण सभा |

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : सो नभएको

**(छ) अन्य विवरणहरु :**

(१) **संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु** : यस कम्पनीले प्रदान गर्ने मुख्य सेवाहरुमा पत्र पत्रिका छपाइ तथा प्रकाशनका साथै विज्ञापन सेवा लगायतका विभिन्न सेवा मार्फत आम्दानी समेत गर्नुका साथै वेबपोर्टल तथा सामाजिक संजाल जस्तै : फेसबुक, यूव्टुब र अन्य डिजिटल प्लाटफर्म मार्फत आम नागरिकहरुलाई सुचना सम्प्रेक्षण गर्नु रहेका छन् । यस कम्पनीले नागरिक, रिपब्लिका, शुक्रबार, परिवार, पूर्वेलि, पश्चिमेली तथा द न्यू योर्क टाइमसको छपाई, बिक्री वितरण गर्ने गरेको छ ।

(२) **प्रयोग भएको वा गरिने प्रविधि :** यस कम्पनीले इन्डियन टेक्नोलोजिबाट बनेको रोनाल्ड, ओरिंट जस्ता कम्पनीको प्रविधिहरु जडित छापाखानाका साथै आधुनिक रोटरी किल्न र CTP Machinery उपकरणहरु प्रयोगमा ल्याएको छ ।

(३) **कुनै ब्रान्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** यस कम्पनीको ब्रान्डनेममा कम्पनीले प्रयोग गर्ने लोगो तथा नाम रहेको छ । उक्त ब्राण्डनेमलाई ट्रेडमार्क सम्बन्धि ऐन बमोजिम उद्योग विभागबाट ट्रेडमार्क चिन्ह दर्ता प्रमाण पत्र नं. २९६०५ प्राप्त भएको छ ।

(४) **संगठित संस्थाले ओगटेको बजार क्षेत्र:** संगठित संस्थाले उत्पादित वस्तु बिक्री वितरणका लागि नेपालभर नै उपयुक्त वितरण प्रणाली अपनाएको छ । त्यसमा पनि भैरहवा, बुटवल तथा सोभन्दा पश्चिमको मुख्य शहरहरु तथा राजमार्ग क्षेत्रहरुमा यस संगठित संस्थाले प्रमुख बजार ओगट्नुका साथै उक्त क्षेत्रहरुमा यस कम्पनीको अग्रणी रुपमा बलियो पकड राख्नुका साथ अन्य मिडियाहरुको दाँजोमा पहिलो स्थानमा रही प्रभुत्व जमाउन सफल भएको छ, भने पोखरा, चितवन, हेटौंडा तथा विरगंज, जनकपुर, इटहरी, धरान, बिराटनगर लगायतका पूर्वका मुख्य शहरहरुमा पनि संगठित संस्थाको बलियो

उपस्थिति रहेको छ । उल्लेखित स्थानहरुका अतिरिक्त देशका अन्य क्षेत्रहरुमा समेत बजार बिस्तारको तयारी गरिएको छ ।
संस्थाले ओगटेको बजार क्षेत्रलाई तल तालिकामा दिईएको कोलम सेन्टिमिटर बिक्रीको तथ्याङ्कले अझ प्रष्ट गर्दछ ।

| विवरण | २०७४/७५ | | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % |
| नगरिक | ५७०,१४८ cc | २६.२४ | ५८०,२६२ cc | २५.४४ | ४६०,४९४ cc | २९.१९ | ३८०,९९४ cc | ३०.८७ | ३७०,६०५ cc | २६.७३ | २३०,१२५ cc | २८.०७ |

- CC = Coloum Centimeter (कोलम सेन्टिमिटर)

नोट : माथि उल्लेखित बिक्री (Adv.) को अंक विज्ञापनको वार्षिक कोलम सेन्टिमिटरको कुल बिक्री रहेको र प्रिन्ट मिडिया क्षेत्रको कुल बिक्रीको आधारमा विज्ञापनको बजार हिस्सा प्रतिशतमा प्रस्तुत गरिएको ।

कोभिड-१९ महामारी भन्दा अगाडिको समयमा यस मिडियाले पाँच ठाउँमा रहेका प्रेसहरुबाट छपाई कार्य गर्दै आएको थियो । अन्य मिडियाहरुको तुलनामा सबैभन्दा बढि प्रेस रहेको र माथि उल्लेखित कोलम सेन्टिमिटर बिक्रीको तथ्याङ्कबाट पनि संस्थाले ओगटेको बजार क्षेत्रलाई पुष्टि गर्दछ ।
कोभिड शुरु हुनुभन्दा पहिले यस मिडियाको प्रकाशन नागरिक दैनिक तीसलाख पाठकले पढ्ने प्रारम्भीक प्रक्षेपण थियो । कोभिड महामारीको कारण मिडिया बजारका सबै अँगहरु पूर्णरुपमा संचालन गर्न नसकेको कारण त्यस पछिको हालको समयमा दैनिक आठलाख पाठकले नागरिक पत्रिका पढ्ने प्रारम्भीक प्रक्षेपण छ । जसको आधारमा हाम्रो प्रकाशन नागरिक दैनिक र रिपब्लिका दैनिकलाई हरेक वर्ष क वर्गको पत्रिकाको रुपमा सूचिकरण गर्नेगरेको छ । हाम्रा संचालन हुन नसकेका सबै अँगलाई यहीं २०७९ फागून महिनादेखि पूर्ण रुपमा संचालन गरी क्रमशः दैनिक तीसलाख पाठक समक्ष हाम्रो प्रकाशनलाई पुर्‍याउने लक्ष्य राखेका छौं ।

(५) **नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः** यस संगठित संस्थाले जानकार समाज निर्माणको लागि शुरुवाती दिनदेखि नै भ्रष्ट्राचार मुक्त राज्यव्यवस्था निर्माणमा केन्द्रित रहि खोजी पत्रकारीता मार्फत भ्रष्ट्राचार विरुद्धका समाचार संकलन र प्रकाशनमा जोड दिदै आएको छ । कम्पनीले आगामी दिनमा उक्त क्षेत्रमा थप लगानी गरेर काठमाडौं लगायत सातै प्रदेशमा थप सशक्त टीम बनाई समाचारको गुणस्तरमा सुधार गरी आफ्ना प्रकाशनहरुलाई थप लोकप्रिय बनाउने लक्ष्य लिएको छ । "जहाँ नागरिक त्यहाँ हाम्रो नागरिक दैनिक पत्रिका" हुने मर्म अनुसार आगामी दिनमा आम पाठकहरुले नै आफ्ना वरिपरी रहेका समाचार योग्य सामाग्रीहरु सिधै हाम्रो समाचार कक्षसम्म पुर्‍याउन सक्ने प्रविधि र पहुँचको विकास गर्ने समेत यो मिडियाको भावी योजना रहेको छ । यसरी नागरिकको आवाजलाई अझ परिष्कृत गरी समाचार कक्षसम्म पुर्‍याउने लक्ष्य लिनुका साथै आम जनतालाई समेत मिडियाको हिस्सेदार बनाउनु यस मिडियाको उद्देश्य रहेको छ । यस मिडियामा वर्षौदेखि कार्यरत रहेका पत्रकार तथा कर्मचारीहरुको अनुभवसंगै प्रविधिको विकाससंग समेत जोड्ने गरी विभिन्न प्रशिक्षणहरु संचालन गरी उनीहरुको सिप विकास गर्नु यस मिडियाको अर्को उद्देश्य रहेको छ र कम्पनीले उत्पादन विविधिकरण गर्न सक्ने गरी संरचना बनाएको छ ।

(६) **उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :** यस कम्पनीको प्रमुख बजार भनेको नेपाल लगायत विदेशमा रहेका पाठकहरु रहेको छ । यस कम्पनीको छापाखाना रहेको जिल्ला काठमाडौं, बिराटनगर, पोखरा, नेपालगन्जमा आधारित भई अन्य जिल्ला तथा स्थानहरुमा पत्रपत्रिका बिक्री वितरणको लागि कम्पनीद्वारा २ प्रकारका वितरण प्रणाली अवलम्बन गरिएको छ । जसमा डिलर वितरण प्रणाली मार्फत होलसेलर, रिटेलर हुदैं ग्राहकसम्म पुर्‍याउने र अर्को सोझै ग्राहकलाई सदस्यता मार्फत दैनिक सप्लाई गर्ने व्यवस्था गरि बिक्री वितरण गर्ने गरिएको छ । यसको लागि दैनिक जसो बजार प्रर्वद्धनका कार्यहरु संचालन गरि बजार बिस्तार गर्ने गरिएको छ ।

(७) **उत्पादन/संचालन क्षमता र सोको उपभोग स्थिति :** यस संगठित संस्थाले नागरिक, रिपब्लिका, शुक्रबार, परिवार, लगायतका विभिन्न प्रकाशनहरुको माध्यमबाट आमनागरिकहरुको लागि सूचना प्रवाह गर्नुका साथै विज्ञापन लगायतका अन्य माध्यमबाट आर्थिक आम्दानी गर्दै विभिन्न प्रकाशन सेवाहरुका अलावा सामाजिक उत्तरदायित्व सम्बन्धि क्रियाकलापहरु रहेको छ । गत आ.व. २०७८/७९ मा हेर्दा १,४२,००,००० संख्यामा पत्रपत्रिका छपाई गरि बिक्री वितरण गरिएको छ । साथै कम्पनीको छपाई मेशीनको क्षमता ३६,००० प्रति, प्रतिघण्टा संख्यामा पत्र पत्रिका छपाई गर्न सक्ने क्षमता रहेको छ ।

(८) **कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धताः** कम्पनीलाई छपाईका लागि आवश्यक मेशिनरी सामानहरु निम्न देशबाट आयात गर्ने गरिन्छ :

कागजः कोरिया, क्यानडा, जर्मनी, भारत
डेभलपर प्लेटः सिङ्गापुर, चीन र भारत
केमिकल मसी तथा अन्य मेशिनरी उपकरणहरुः भारत, सिङ्गापुर

(९) **गुण नियन्त्रणको लागि गरिएको व्यवस्थाः** पत्रकारितासँग सम्बन्धित यो कम्पनीले सदैव गुणस्तरीय सेवामा आफूलाई समर्पित गरेको छ । यस्तो कम्पनीले दैनिकजस्तो आम पाठकको चासोलाई ध्यानमा राखि हाम्रा देशविदेशमा छरिएका अनुभवी पत्रकारहरुले आम नागरिकको चासोलाई बुझेर तिनका निम्ति उपयोगी र अनुसन्धानमूलक सामाग्री प्रस्तुत गर्ने गर्दछन् । यसरी छापिने समाचार र विचारको गुणस्तर कायम गर्न व्यवस्थापनले स्ट्यान्डर्ड अपरेटिङ प्रोसिड्युअर (एसओपी) बमोजिम कार्य गरिरहेको छ जस्मा रिर्पोटरहरुले समाचार संकलन गरि सम्बन्धित ब्यूरोले आवश्यक भेरिफिकेशन गरि डेस्कमा पठाए पश्चात समाचार सम्पादकहरुले परिस्कृत गरेपछि सम्पादकले अन्तिम गरेर मात्र समाचारको गुणस्तरीयतालाई कायम राख्ने गरिएको छ । यसको अलावा छपाईको गुणस्तर कायम गर्न उत्कृष्ठ कागज र कच्चा पदार्थहरु प्रयोग गरिनुले पनि निरन्तर गुणस्तर कायम राख्न कटिबद्ध रहि आफ्नो जिम्मेवारीलाई कम्पनीले गम्भीरतासाथ अगाडि बढाएको छ ।

(१०) **अनुसन्धान तथा विकासः** विभिन्न प्रविधिमार्फत बजारमा आएका समाचारलाई पृथक किसिमले अनुसन्धानमुलक र विश्लेषणात्मक आधारमा सम्पूर्ण जानकारी दिनेगरी समाचार प्रकाशन गर्ने काममा संगठित संस्था सधै तल्लीन छौं । परम्परागत समाचारकक्षलाई परिस्कृत गरी प्रविधि र मानव संसाधनको मिश्रणबाट नै पठनीय सामाग्री प्रकाशन गर्न सकिन्छ भन्ने कुरामा संस्थागत रुपमा पूर्ण विश्वस्त छौं । संगठित संस्था भविष्यमा हाम्रो समाचार कक्षलाई प्रविधियुक्त समाचार कक्षको रुपमा विकाश गरी यही बाटोमा अग्रसर हुनेछौं । यसैगरी नै यस कम्पनीले अनुसन्धान र विकासका लागि छुट्टै विभाग बनाएर काम गर्ने लक्ष्य राखेको छ । पत्रकारितामा देखिएको अहिलेको प्रतिस्पर्धात्मक वातावरणको चुनौतीलाई अवसरमा बदल्ने लक्ष्य राखिएको छ । त्यसका निम्ति यसले गुणस्तरीय सामग्रीको उत्पादनका लागि अनुसन्धान र विकासमा ध्यान दिने लक्ष्य राखेको छ । यसले नयाँ सेवाको विस्तारका साथै अहिले प्रदान गरिरहेका सामग्रीको विकासमा मद्दत गर्नेछ । पत्रकारिता भनेको आम नागरिकको चाहनालाई पूरा गर्ने मात्र होइन आफूले तिनका निम्ति उपयुक्त हुने सामग्री आफैं छनोट गर्ने क्षमता पनि हुनुपर्छ । बदलिँदो विश्व परिवेश र देशकै चुनौतीलाई समेत ध्यानमा राखी नयाँ प्रविधिको प्रयोग मार्फत्विश्वसनीय सेवा प्रदान गर्ने लक्ष्य राखिएको छ ।

(११) **विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :**
विगत ३ वर्ष देखिको विश्व अर्थ व्यवस्थामा देखिएको परिवर्तन र नकारात्मक प्रभाबाट यो मिडिया पनि अछुतो रहन सकेन । सोहि कारणले गर्दा कम्पनीका केही साधन श्रोतहरुलाई पूर्ण रुपमा सकृय रहेका छैनन् । तर, निकट भविष्य मै उक्त साधन श्रोतहरुलाई पूर्ण रुपमा पहिलेको झैं स्वरुपमा सकृय बनाउने समेत यस कम्पनीको लक्ष्य रहेको छ ।

(१२) **मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** सो नभएको ।

(१३) **बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थितिः** यस कम्पनीले प्रवाह गर्दै आएको समाचार सम्प्रेक्षणको हकमा बजार हिस्सा अत्यन्त उत्साहजनक रहेको छ । सन्तुलित र खोजमूलक सामग्रीका कारण पत्रिकाको बिक्रीमा यसले अग्रणी स्थान पाएको छ । नेपालको निजी संचारगृह संचालन गरी सफलताको शिखरमा पुऱ्याएका प्रकाशकले स्थापना गरेको यस मिडियाका प्रकाशनहरुले बिगत १४ वर्षदेखि नागरिक नेपाली दैनिक र रिपब्लिका अंग्रेजी दैनिकले आम पाठकको विश्वास जितेका छन् । यसैको परिणाम स्वरुप विभिन्न मुलुकका विश्वविख्यात प्रकाशकहरुले हाम्रो मिडियासंग समाचार आदानप्रदान गर्नेगरी भगीनी संस्थाको रुपमा सम्बन्ध बिस्तार गरेका छन् । यसका साथै नेपाली पत्रकारिताको क्षेत्रमा गुणस्तरीय अंग्रेजी भाषाका पाठकहरु माझ निकै लोकप्रिय पत्रिका द न्यूयोर्क टाइम्सको प्रकाशन र वितरण पनि यसै संगठित संस्थाले गर्दै आएको छ । नेपालमा यसअघि नै स्थापित अन्य मिडियाले समेत कम्पनीका प्रकाशनहरुलाई पत्रकारिताको मानक स्थापना गर्ने अग्रणी संस्थाका रुपमा लिने गरेका छन् जस्ले गर्दा यसका उत्पादनहरुले आफ्नो ब्रान्ड मूल्य स्थापित गर्न सक्षम भएका छन् । यसले प्रत्यक्ष तथा परोक्षरुपमा हाम्रा प्रकाशनलाई सकारात्मक प्रभाव पारेको छ र अन्य मिडियाको रणनीति र योजनालाई समेत ध्यानमा राखी निरन्तर आफ्नो कार्यलाई अगाडि बढाउने लक्ष्य राखेको छ ।

नेपालको पत्रकारीताको इतिहासमा सबैभन्दा ठुलो र पहिलो निजि क्षेत्रको संचारगृह (दैनिक, साप्ताहिक, मासिक अंग्रजी नेपाली पत्रिकाहरु, रेडियो, अनलाईन टि.भी) स्थापना गरी अढाई दशक अध्यक्ष तथा प्रमुख लगानीकर्ताको रुपमा रहि काम गर्नुभएको स्व. हेमराज ज्ञवाली तथा उहाँका छोरा बिनोद राज ज्ञवालीको कुशल नेत्रित्वमा स्थापना भएको मिडिया हो नेपाल रिपब्लिक मिडिया । निजि रुपमा संचालन गरिएको मिडियामा सिमित व्यक्तिको स्वार्थ हुने सम्भावनाले गर्दा यस्तो मिडियालाई पब्लिक लिमिटेडको अवधारणामा लैजानुपर्छ भन्ने उहाँहरुको शुरु देखिकै अवधारणा अनुसार नेपाल रिपब्लिक

मिडियाको स्थापना गरिएको हो । यो अवधारणाले मिडिया जगतलाई विश्वसनियता तर्फ लैजान मद्दत गर्दछ । यसले गर्दा यो मिडिया अन्य मिडियाको तुलनामा मजबुद छ र हुदै जानेछ ।

अर्को तर्फ लामो समयदेखिको निरन्तर प्रयासको बाबजुद विश्व विख्यात अन्तराष्ट्रिय दैनिक पत्रिका The New York Times का प्रकाशकले बिगत १० वर्षदेखि हाम्रो मिडियाको अवधारण र यसका प्रकाशकलाई गरेको बिश्वसनियताको आधारमा नेपालमा उक्त मिडियाको प्रतिनिधित्व समेत हामीले गर्ने गरी साझेदारी गरिरहेका छौं ।

सुचना तथा प्रविधि विभागले हरेक बर्ष हाम्रो प्रकाशनहरुको हरेक जिल्लामा भएको बिक्री तथा हाम्रा प्रकाशनका पाठकको पहुँचको आधारमा, पाँचवटा प्रेस नेटवर्क भएको आधारमा वर्गिकरणमा यस मिडियालाई सधै उच्च “क” वर्गको अब्बल दर्जामा राख्दै आएको छ ।
यसरी निजी क्षेत्रको बलियो र विश्वसनिय मिडिया स्थापना गरी उचाइमा पुर्‍याउन सफल प्रकाशकहरुले स्थापना गरेको मिडिया, अन्तराष्ट्रिय प्रख्यात दैनिक पत्रिकासंगको लामो समयदेखीको साझेदारी, विभिन्न किसिमको अनुसन्धान पश्चात सुचना विभागले हरेक वर्ष गर्ने पत्रिकाहरुको वर्गिकरणमा उच्च अंकका साथ लगातार “क” वर्गमा पर्न सफल साथै सरकारी, गैरसरकारी तथा निजि क्षेत्र लगायतका संघ संस्थाहरुको माझ यस मिडियाले प्राप्त गरेको विश्वसनियताले गर्दा यस मिडियाले ओगटेको तल उल्लेखित तालीका अनुसार समेत यस मिडिया अन्य प्रतिस्पर्धी संस्थाहरुको बीच आफु अब्बल रुपमा स्थापित भएको प्रमाणित गरेको छ ।
हालको कायम बजार क्षेत्रलाई तल तालिकामा दिईएको कोलम सेन्टिमिटर बिक्रीको तथ्याङ्कले प्रष्ट गर्दछ ।

- CC = Coloum Centimeter (कोलम सेन्टिमिटर)

| विवरण | २०७४/७५ | | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % | बिक्री (Adv.) | % |
| नागरिक | ५७०,१४८ cc | २६.२४ | ५८०,२६२ cc | २५.४४ | ४६०,४९४ cc | २९.१९ | ३८०,९९४ cc | ३०.८७ | ३७०,६०५ cc | २६.७३ | २३०,१२५ cc | २८.०७ |
| कान्तिपुर | ८०८,६२९ cc | ३७.२२ | ६३८,१६५ cc | २७.९८ | ३६६,२२७ cc | २३.२२ | २२५,१९४ cc | १८.२५ | ३३५,२०० cc | २४.१८ | १७०,४७० cc | २०.७७ |
| अन्नपुर्ण | ४८८,६२९ cc | २२.४९ | ५२०,६८६ cc | २२.८३ | ३७१,०१० cc | २३.५२ | ३०२,६०५ cc | २४.५२ | ३३०,१४५ cc | २३.८२ | २०५,२०० cc | २५.०० |
| नयाँ पत्रिका | ३०५,३७४ cc | १४.०५ | ५४१,३७४ cc | २३.७४ | ३७९,४४३ cc | २४.०६ | ३२५,१२४ cc | २६.३५ | ३५०,२१९ cc | २५.२७ | २१५,१२५ cc | २६.२१ |
| जम्मा | २,१७२,७८० cc | १०० | २,२८०,४८७ cc | १०० | १,५७७,१७४ cc | १०० | १,२३३,९१७ cc | १०० | १,३८६,१६९ cc | १०० | ८२०,९२० cc | १०० |

नोट : माथि उल्लेखित बिक्री (Adv.) को अंक विज्ञापनको वार्षिक कोलम सेन्टिमिटरको कुल बिक्री रहेको र प्रिन्ट मिडिया क्षेत्रको कुल बिक्रीको आधारमा विज्ञापनको बजार हिस्सा प्रतिशतमा प्रस्तुत गरिएको ।

(१४) **प्रमुख ग्राहकहरुको विवरण (जस्तै-संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत् सम्बन्धी विवरण :** सो नभएको ।

(१५) **प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण) :** सो नभएको ।

**ग.३.ख. सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :**

हालसम्म कम्पनीको नाममा सृजना भै सकेको चल अचल सम्पत्तिको अवस्था तल उल्लेख बमोजिम रहेको छ :

**(आर्थिक वर्ष २०७८/७९ को लेखा परिक्षण प्रतिवेदन अनुसार)**

| क्रस | सम्पत्तिहरु | आ.व. २०७८/७९ को शुरु मैज्दात | कुल खरिद | पुनर्मूल्यांकन | बिक्री ( लागतमा) | संचित ह्रासकट्टीमा (बिक्रीको) | ह्रासकट्टी दर | ह्रासकट्टी | आ.व. २०७८/७९ को अन्तिम मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | जग्गा | ४२६,८८५,६४० | | ३,३९५,०७७ | - | | - | - | ४३०,२८०,७१७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २ | भवन | ५६,०२५,७६२ | ३७,०३१,५५६ | | | | ५% | ३,७९७,०१३ | ८९,२६०,३०५ |
| ३ | फर्निचर, फिक्स्चर तथा कार्यालय सामाग्री | ११,६६३,२२९ | २,२१४,०७६ | | | | २५% | ३,१३५,७७७ | १०,७४१,५२९ |
| ४ | सवारी साधन | ३८,९८५,९२० | १६,८८५,४८७ | | ६,५२३,५९९ | १,९९७,५५२ | २०% | ८,०९०,७६० | ४३,२५४,६०० |
| ५ | लीजहोल्ड सम्पत्तिहरु | ४,५२६,८४७ | – | | – | | SLM | ९०५,३६९ | ३,६२१,४७८ |
| ६ | अन्य सम्पत्तिहरु | २९,४८८,७१५ | – | | | | १५% | ४,४२३,३०७ | २५,०६५,४०८ |
| **जम्मा** | | **५६७,५७६,११३** | **५६,१३१,११९** | | **६,५२३,५९९** | **१,९९७,५५२** | | **२०,३५२,२२६** | **६०२,२२४,०३७** |

उपरोक्त सम्पति यस कम्पनीको रजिष्टर्ड कार्यालय एवं कारोबार गर्ने मुख्य स्थानमा अवस्थित रहेका छन् ।

(ख) **बुँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि मिति समेत उल्लेख गर्नुपर्ने :** लिजमा नभएको कम्पनीको आफ्नै सम्पत्ति ।

(ग) **यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** संगठित संस्थाको स्वामित्वमा रहेको सम्पत्तिहरु नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड ( साविक मेगा बैंक नेपाल लिमिटेड) र नबिल बैंक लिमिटेड बैंकहरुको नाममा मोर्टगेजमा रहेको छ ।

(घ) **विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :** संस्थाको घरजग्गाको बजार मुल्य र किताबी मूल्य बिच फरक भएको हुदाँ सो को विवरण तालिकामा उल्लेख गरिएको छ :

**भवन तथा जग्गाको आ.व. २०७८/७९ मा NFRS बमोजिमको मूल्याङ्कन**

| सम्पत्तिको प्रकार | लागत मूल्य को शुरु मौज्दात | हाल लेखाङ्कन गरिएको मूल्य |
|---|---|---|
| जग्गा | ९,२५९,७२० | ४३०,२८०,७१७ |
| भवन | ६८,४४७,६१५ | ८९,२६०,३०५ |
| **कुल** | **७७,७०७,३३५** | **५१९,५४१,०२२** |

(ङ) **सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :** लेखामान सिद्धान्त (NFRS) बमोजिम आधिकारिक भ्यालुएटरको मूल्याङ्कनको आधारमा लेखाङ्कन गरिएको ।

**ग.३.ग. भावी योजना तथा रणनीति :**

(क) **व्यवसाय/सेवाको वृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीती :**

कम्पनीले आफ्नो व्यवसाय/सेवाको वृद्धिका लागि चाल्ने भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति निम्नानुसार रहेको छ ।

**भावी योजना :**

(१) कोभिड १९ महामारी पछिको समयमा सोही कारण पूर्ण रुपमा संचालन हुन नसकेका यस मिडियाका अंगहरुलाई पूर्णरुपमा संचालन गर्ने ।

(२) कम्पनीले स्वतन्त्र तथा निष्पक्ष पत्रकारितालाई प्रवर्द्धन गरी जनमानसमा सत्यतथ्य जानकारी तथा सूचना पऱ्याउनका आफ्नो अमूर्त सम्पत्ति तथा पत्रकारहरुको क्षमता अभिवृद्धिमा थप लगानी गर्दै लैजाने ।

(३) छपाई कार्यलाई थप स्थानिय तहमा बिस्तार गर्न कम्पनीले सार्वजनिक निष्काशन समाप्त पश्चात केही छपाई केन्द्र थप गरी बिस्तार गर्ने ।

(४) छपाई कार्यलाई थप आधुनिकरण गर्दै प्रविधि मैत्री बनाउदै लैजाने र सोको लागि आवश्यक श्रोत तथा साधन सार्वजनिक निष्काशनबाट संकलित रकमबाट व्यवस्था गर्ने ।

(५) कम्पनीले आफ्नै जग्गामा पत्रकारिता सम्बन्धी सम्पूर्ण कार्य गर्न सकिने आधुनिक बहुद्देश्यीय भवन निर्माण गर्ने योजना रहेको छ । उक्त भवनमा अन्य संस्थाका पत्रकारले समेत कार्य गर्न र उपयोग गर्न सक्नेगरी Incubation को समेत व्यवस्था गरिने छ र सो बाट कम्पनीका पत्रकारहरुलाई थप सहजीकरण हुनुका साथै अन्य संस्था तथा व्यक्तिहरुबाट थप आम्दानी गर्ने क्षेत्रको विकास गर्नेछ ।

**रणनीति :**

(१) यस मिडियाका पुर्ण रुपमा संचालन हुन नसकेका निम्न अनुसारका लोकप्रिय पत्रिका, प्रकाशनहरु तथा अन्य अंगहरुलाई पुर्णरुपमा संचालन गर्ने ।

(क) अंग्रजी पाठकका बिचमा निकै लोकप्रिय रहेको रिपब्लिका अंग्रेजी दैनिक २०८० जेष्ठ महिना देखी प्रकाशन गर्ने लक्ष्य राखेका छौं । जसका लागी आवश्यक जनशक्ति पहिचान लगायतका काम शुरु भैसकेका छन् । यसको प्रकाशनले हाम्रो बजार क्षेत्र थप बिस्तार हुनेछ ।

(२) नागरिक दैनिकको **भ्रष्ट्राचार विरुद्ध नागरिक** नारालाई थप सार्थक बनाउन खोजमुलक समाचारहरु प्रकाशन गर्नको लागी हाल कार्यरत पत्रकारहरुको क्षमता अभिवृद्धि गर्ने, समाचार संकलनको लागी आवश्यक श्रोत साधन उपलब्ध गराउने प्राविधिक सामग्रीहरु खरिद गर्ने, विभिन्न किसिमको बृतिविकासका तालिमहरुको व्यवस्था गर्ने तथा समाचार कक्षलाई थप आधुनिकिकरण गर्ने कार्य २०८० श्रावण महिना देखी नै शुरु गर्ने लक्ष्य राखेका छौ ।

(३) छपाई कार्यलाई थप आधुनिकरण गर्दै प्रविधि मैत्री बनाउदै लैजाने र सोको लागी आवश्यक श्रोत तथा साधन व्यवस्था गर्ने कार्य गरिनेछ । हाल इमाडोलमा रहेको प्रेसलाई थप आधुनिकिकरण गरी नयाँ ठाउँमा स्थानान्तरण गरिनेछ । उक्त कार्य २०८० श्रावण महिनादेखि शुरु गरिनेछ । उक्त प्रेसको स्तर वृद्धि गरी किताबहरु समेत छपाई कार्य गरिनेछ । सोको लागि हाल ईमाडोल ललितपुर स्थित प्रेसको स्तरिकरण २०८० श्रावण महिनादेखि गरिनेछ र नेपालगंज तथा पोखरा लगायतका प्रेसहरुमा उक्त कार्य एक वर्षपछि शुरु गरिनेछ ।

(४) कम्पनीले आफ्नै जग्गामा पत्रकारिता सम्बन्धी सम्पुर्ण कार्य गर्न सकिने आधुनिक बहुउद्देश्यीय भवन निर्माण गर्ने योजना रहेको छ । उक्त भवनमा अन्य संस्थाका पत्रकारहरुले समेत कार्य गर्न र उपयोग गर्न सक्ने गरी Incubation को समेत व्यवस्था गरिने छ र सोबाट कम्पनीका पत्रकारहरुलाई थप सहजीकरण हुनुका साथै अन्य संस्था तथा व्यक्तिहरुबाट थप आम्दानी गर्ने क्षेत्रको विकास गर्नेछ । उक्त कार्यको २०८० श्रावण देखी शुरु गरी २.५ वर्ष भित्रमा निर्माण कार्य सक्ने लक्ष्य राखिएको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिका आधारमा संगठित संस्थाको भविष्य :**

स्वभावैले पत्रकारीताको आधार विश्वश्नीयताको जगमा अडिएको हुन्छ । विश्वश्नियताको हिसाबले अहिले सम्म राज्यका कुनैपनि अंगले यस संस्थाको मिडिया माथि प्रश्न उठाउन सकेका छैनन् । यस मिडियाका प्रकाशकले आम पाठकका साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा कमाएको विश्वसनियता नै यस मिडियाको बलियो आधार स्तम्भ हो । देशमा २०४६ साल पछि भएका सबै सकारात्मक परिवर्तनमा नेपालको पत्रकारिता क्षेत्रको अतुलनिय योगदान रहेको छ र, यो समय अवधिमा सबै कार्यको नेतृत्व यस मिडियाका प्रकाशकहरुले गर्दै आउनुभएको छ । यसका आधारमा बजारसंग यस मिडियाको एक बलियो हिस्सेदार रहँदै आएको छ र भविष्यमा पनि हुने कुरामा हामी विश्वत छौं जस्ले संस्थाको आर्थिक स्थिति मजबुद हुनुका साथै व्यवसायिक रुपमा समेत प्रगति हुनेछ । अर्कोतर्फ हामीले अत्याधुनिक प्रविधियुक्त मिडिया हब निर्माण पश्चात उक्त हबले समेत हाम्रो आर्थिक अवस्थालाई सबल बनाउन सहयोग गर्नेछ । तुलनात्मक रुपमा नेपालको पत्रकारिता क्षेत्रको बहुआयामिक प्रभाव छ । मुलुकका प्रत्येक राजनीतिक परिवर्तन, संविधान लेखन गरि जारी गर्दा, भूकम्प र कोभिड- १९ विरुद्ध मुलुकलाई पत्रकारिता क्षेत्रले योगदान गरेका छ । सामाजिक रुपान्तरणलाई पत्रकारिता क्षेत्रले आफ्नो जिम्मेवारीका रुपमा ग्रहण गरेको छ । आम नागरिकलाई ध्यानमा राखेर गरिएको पत्रकारिताका कारण कम्पनीले आफ्नो परिसंचरण (सर्कुलेसन) मा शसक्त र बलियो वरियता हासिल गरेको छ र यसलाई निरन्तर रुपमा अगाडि बढाउँदै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नेपालका सर्वसाधारण नागरिकहरुको जिवनमा सकारात्मक रुपमा प्रभाव पर्ने गरि दैनिक रुपमा हरेक घरमा पहुँच पुऱ्याउने लक्ष्य राखिएको छ र कम्तीमा ३० लाख भन्दा बढी नागरिकहरु समक्ष उपस्थिति राख्ने यस संस्थाको योजना रहेको छ ।

कोभिड शुरु हुनुभन्दा पहिले यस मिडियाले वार्षिक ५१ करोडको व्यापार गरिरहेकोमा त्यस पश्चात प्रभावित भएको बजारको कारण कम भएको व्यापारलाई माथी उल्लेखित योजनाहरु कार्यन्वयन पश्चात् यस मिडियाले दुई वर्ष भित्रमा प्राप्ती गर्ने लक्ष्य लिएको छ ।

४) प्रत्याभूतिकर्ताको दायित्व निजले प्रत्याभूति गर्न मञ्जुर गरेको रकमको हदसम्म मात्र कायम रहनेछ। प्रत्यभूतिकर्ताले आफ्नो दायित्व अनिवार्य रुपमा पूरा गर्नुपर्नेछ। निष्काशन कम्पनीले निष्काशन गर्ने शेयरहरु पूर्णरुपमा खरीद भए पछि प्रत्याभूतिकर्ताको दायित्व स्वतः समाप्त हुनेछ।

५) यस सम्झौता पत्रको अवधि सम्झौता पत्रमा हस्ताक्षर भएको मितिबाट ९ (नौ) महिनासम्म रहनेछ। उक्त अवधिभित्र शेयर निष्कासन हुन नसकेमा दुबै पक्षबीचको आपसी सहमतिमा समयावधी थप गर्न सकिनेछ।

६) प्रत्याभूति गरिएको शेयर पूर्ण वा आंशिक रुपमा बिक्री नभएमा प्रत्याभूतिकर्ता श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडले तोकिएको अनुपातमा बिक्री हुन बाँकी पूर्ण वा आंशिक शेयर प्रथमपक्षको सर्वसाधारण शेयर निष्काशन बाँडफाँड भएको ३० दिन भित्र र श्री प्रभु क्यापिटल लिमिटेड तथा श्री सिभिल क्यापिटल मार्केट लिमिटेडले २१ दिन भित्र खरिद गर्नेछ। साथै प्रथम पक्षले समेत शेयर बापतको रकम प्राप्त गरे पश्चात् उक्त शेयरको स्वामित्व प्रत्याभूतिकर्तालाई हस्तान्तरण गर्नुपर्नेछ।

७) प्रत्यभूतिकर्ताले प्रत्याभूति गरिएको शेयर ग्रहण गर्नु परेमा उक्त शेयरहरु ग्रहण गरेपछि सर्वसाधारण शेयरधनी सरह प्रत्यभूतिकर्तालाई समेत शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ।

८) निष्काशन कम्पनीले निष्काशन गर्न लागेको शेयरको निष्काशन तथा बिक्री खुला हुनु अगावै कुनै प्रकारको निष्काशनलाई प्रभावित हुने प्रकृतिको जस्तैः कुनै गम्भिर कानुनी कारवाही परेमा, सञ्चालक समितिमा सारभूत परिवर्तन भएमा, प्रमुख व्यवस्थापकहरु परिवर्तन (आन्तरिक सरुवा वाहेक) भएमा, कम्पनीले नेपाल धितोपत्र बोर्डमा पेश गरेको विवरणपत्रमा उल्लेखित विवरणहरु त्रुटिपूर्ण वा पर्याप्त नभएको वा कुनै विवरण पेश नगेरेको कारण धितोपत्रको स्वीकृती पूर्व वा पश्चात् निष्काशन कार्य प्रभावित भई प्रत्याभूति गर्नुपर्ने अवस्था आएमा, अप्रत्याशित रुपमा ठुलो दायित्व श्रृजना भएमा वा कम्पनीले अप्रत्याशित रुपमा ठुलो नोक्सानी व्यहोर्नुपर्ने भएमा सो कुराको जानकारी सार्वजनिक रुपमा आउनु अगावै लिखित रुपमा प्रत्याभुतिकर्ताहरुलाई गराउनु पर्नेछ। सो जानकारी प्राप्त भएपछि प्रत्याभूतिकर्ताले त्यसबाट पर्न जाने जोखिमको पूनर्मूल्याङ्कन गरी यस सम्झौतापत्र प्रत्यभूतिकर्ताले रद्द समेत गर्न सक्नेछन्।

९) शेयर प्रत्याभूति गराउने वा शेयर निष्काशन तथा बिक्री गर्ने प्रयोजनको निमित्त यदि प्रथम पक्षले जानाजानी झुठा विवरण दिएको रहेछ भन्ने कुरा सम्बन्धित अधिकार प्राप्त निकायबाट प्रमाणित भएको अवस्था र सो कारणबाट सर्वसाधारणमा शेयर बिक्री वितरण हुन नसकी असामान्य परिस्थिति श्रृजना भएको समेत प्रमाणित भएमा त्यसको जवाफदेहि प्रथम पक्ष हुनेछ र माथि उल्लेखित शर्त लागु हुने छैन।

१०) यस सम्झौतापत्रमा उल्लेखित कुनै शर्त तथा त्यसको पालना एवं व्याख्याका विषयमा निष्काशन कम्पनी तथा प्रत्याभूतकर्ता बीच कुनै विवाद उत्पन्न भएमा सो विवाद आपसी छलफल गरी सहमतिबाट समाधान गरिनेछ। यसरी आपसी सहमतिबाट विवादको समाधान नभएमा प्रचलित कानून बमोजिम विवादको समाधान गरिनेछ।

**ग.१०.छ आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

यस विवरण-पत्र अनुसार निष्काशन गरिने साधारण शेयरको बाँडफाँडमा परेका शेयरधनीहरुको अधिकार तथा प्रतिबन्धात्मक ब्यबस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी ब्यबस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय, जेडिए कम्प्लेक्स, सुन्धारा काठमाण्डौं वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक मेगा क्यापिटल मार्केट्स लिमिटेडको कार्यालय,साकेत कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरण-पत्र मार्फत निष्काशन गरिने साधारण शेयरको खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/–का दरले हुन आउने एकमुष्ठ रकम "धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३" ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी सि-आस्वा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले कम्तीमा १० (दश) कित्ता साधारण शेयरको लागि दरखास्त दिनु पर्नेछ । यदि कुनै दरखास्तवालाले १० (दश) कित्ता भन्दा बढी शेयरको लागि दरखास्त दिन चाहेमा १० (दश) अंकको गुणाङ्कमा अधिकतम .५०० (पाँच सय) कित्ता साधारण शेयर खरिद गर्नका लागि दरखास्त दिन सक्नेछ ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

**वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको हकमा :**

१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्विकृति लिई विदेशमा वसी रोजगारी गरिरहेका नेपालीहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।

२.यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने नेपालीहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।

३.शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।

४. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले यसरी आवेदन गर्नका लागि डिम्याट अनिवार्य रहेकाले सम्बन्धित निक्षेप सदस्यहरुबाट प्रदान गरिने अनलाईन पोर्टलहरुबाट पनि डिम्याट खाता खोल्न सक्नेछन् ।

५. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् ।

६. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

७. सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

८. रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

९. आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्टसंग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिकता नं., दस्तखत, सम्पर्क फोन नं., इमेल ठेगाना ।

ग. खरिद गर्न चाहेको धितोपत्रको संख्या -अंक र अक्षरमा ।

घ. खरिद गर्न चाहेको धितोपत्र वापतको रकम -अंक र अक्षरमा ।

ङ. आवेदकको खाता रहेको बैंकको नाम, ठेगाना, खाता नं. र खाताको किसिम ।

च. आवेदकको हितग्राही -डिम्याट खाता नम्बर

१०. आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैंकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनु हुदैन ।

११. आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१२. एक व्यक्तिले आफुले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पुर्ण दरखास्तलाई रद्द गरिनेछ ।

१३. धितोपत्र खरीदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरीद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानुन बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१४. धितोपत्र बाँडफाँड गर्नुपुर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्री प्रबन्धकलाई दिनु पर्नेछ ।

१५. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१६. रु.५,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. ५,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

१७. वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरका लागि न्यूनतम १० कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा अधिकतम ५०० (पाँच सय) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

**सर्वसाधारणको हकमा :**

१.कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र मार्फत जारी गरिने साधारण शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन ।

२.यस विवरणपत्रबाट निष्काशन हुने धितोपत्र खरिदका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतिय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशन प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध ASBA सेवामा सहभागी बैंक तथा वित्तीय संस्था तथा तिनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् ।

३.आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाले ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केद्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका,२०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।

४.सडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनु पर्नेछ र सम्बन्धित बैंक तथा वित्तीय संस्थाबाट CRN नं. लिईसकेको हुनु पर्नेछ ।

५.रितपूर्वक प्राप्त नभएको दरखास्त तथा आवेदन फाराममा उल्लेख भएको हितग्राही खाता नं. र आवेदकको नाम सिडिएससीको अभिलेखमा फरक परेको पाईएमा सो फारामलाई शेयर बाँडफाँटमा समावेश नगरिने हुंदा आवेदन फाराममा भरेको हितग्राही खाता नं. आवेदक स्वयंले एकिन गर्नुपर्नेछ ।

६.आवेदकले आवेदन फारम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फारम भरी बुझाउनु पर्नेछ :

क. धितोपत्र निष्कासनकर्ता कम्पनीको नाम ।

ख. आवेदकको नाम, थर, ठेगाना, नागरिता नं., दस्तखत , सम्पर्क फोन नं., इमेल ।
ग. नावालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
घ. खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा) ।
ङ. खरिद गर्न चाहेको धितोपत्र बापतको रकम (अंक र अक्षरमा) ।
च. आवेदकको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम, ठेगाना, खाता नं. र खाताको किसिम
छ. आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

७.आबेदकले आवेदन दिँदा सि–आस्वा सदस्य बैंक/वित्तीय संस्थाहरुमा रहेको आवेदन बापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्कृय रहेको हुनुहुँदैन ।

८.आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

९.एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्ध गरिनेछ ।

१०. वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि निष्काशन गरिएको शेयरमा बाँडफाँडमा परेका शेयरधनीहरुले यस निष्काशनमा आवेदन दिन पाउने छैनन् । यदि आवेदन गरेको पाईएमा सो आवेदन स्वतः अयोग्य ठहरिने छ ।

११.धितोपत्र खरिदका लागि दरखास्त दिँदाको अवस्थामा वा दरखास्त दिईसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा नियमक निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्कासन तथा बिक्री प्रबन्धकले त्यस्तो दरखास्त फारमलाई आदेश बमोजिम गरिनेछ ।

१२.धितोपत्र बाँडफाड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तीय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्कासन तथा बिक्री प्रबन्धकलाई दिनुपर्नेछ ।

१३. शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने भएकोले सम्पूर्ण आवेदकहरुले अनिवार्य रुपमा आफ्नो हितग्राही खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

१४.यस विवरणपत्र मार्फत निष्कासन गरिने शेयरका लागि न्यूनतम १० (दश) कित्ता तथा सो भन्दा बढीका लागि १० (दश) अंकको गुणाङ्कमा अधिकतम ५०० (पाँच सय) कित्तासम्मका लागि आवेदन दिन सकिनेछ ।

१५. रु.५ लाखसम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सो भन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदनमा आफ्नो स्थायी लेखा नम्बर (PAN No.) दरखास्त फारममा खुलाउनुपर्नेछ ।

**ग.११. <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण:</u>**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बिच विगत २ बर्षको अवधिमा कुनै प्रकारको वस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न व्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकमः**

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको व्यक्ति :
कारोवार नभएको ।

(ख) आधारभुत शेयरधनी:
कारोवार नभएको ।

(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य:
कारोवार नभएको ।

(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभुत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :

| सम्बन्धित कम्पनीको नाम | कारोवारमा संलग्न व्यक्तिहरुको नाम र संगठित संस्था सँगको सम्बन्ध | कारोबारको प्रकृति | (तिर्नुपर्ने रकम)/प्राप्त गर्नुपर्ने रकम रु. | |
|---|---|---|---|---|
| | | | आ. व. २०७८/७९ | आ. व. २०७७/७८ |
| नागरिक नेटवर्क प्रा.लि | यस कम्पनीका अध्यक्ष श्री बिनोदराज ज्ञवाली सो कम्पनीको अध्यक्ष तथा कार्यकारी संचालक शोभा ज्ञवाली सो कम्पनीको संचालक रहेको । | डिजिटल सामग्री उत्पादन तथा समारोह व्यवस्थापन । | (२,६३९,५००) | ४४,१६१,८६० |

| | | | | |
|---|---|---|---|---|
| लिकं युथ मिडिया प्रा.लि | नागरिक नेटवर्क प्रा.लि संचालक रहेको । | लिंक युथ मिडियाको एफ एम ९६.५ मेगाहर्ज रेडियोमा विज्ञापन प्रसारण गर्ने गरिएको । | (९२७,६९०) | १०,०५०,६०१ |
| शुभारम्भ होल्डिंग्स एण्ड डेभलोपर्स प्रा.लि | यस कम्पनीका अध्यक्ष श्री बिनोदराज ज्ञवाली सो कम्पनीको अध्यक्ष तथा कार्यकारी संचालक शोभा ज्ञवाली सो कम्पनीको संचालक रहेको । | अफिस युनिट तथा जग्गाहरुको भाडा वापत | १६,०९८,६४२ | २६,९९२,९५८ |
| लाईभ सेल प्रा.लि | यस कम्पनीका अध्यक्ष श्री बिनोदराज ज्ञवाली सो कम्पनीको संचालक रहेको । | एस.एम.एस सेवा लिईएको । | ९,०९३,७९३ | ९,०९३,७९३ |
| रिपब्लिका न्युज नेपाल प्रा.लि | यस कम्पनीका अध्यक्ष श्री बिनोदराज ज्ञवाली सो कम्पनीको अध्यक्ष तथा शेयरधनी सम्बृद्धि ज्ञवाली सो कम्पनीको संचालक रहेको । | न्युज प्रिन्ट कागजको खरिद बिक्री | (३,२६७,१४४) | (५,२०९,४१३) |
| लिला टेक प्रा.लि | यस कम्पनीका अध्यक्ष श्री बिनोदराज ज्ञवाली सो कम्पनीको संचालक रहेको । | लिला टेक प्रा.लि.को एफ एम ९१.५ मेगाहर्ज रेडियोमा विज्ञापन प्रसारण गर्ने गरिएको । | १,४२१,३८२ | १,४०७,३२२ |
| रिपब्लिका एकेडेमी अफ् कम्युनिकेशन् एण्ड इन्टरटेन्मेन्ट् | | उक्त रकम पहिलो त्रैमासिकमा हिसाब मिलान भईसकेको । | १५३,१५० | १५३,१५० |
| नमस्ते उर्जा प्रा.लि | यस कम्पनीका अध्यक्ष श्री बिनोदराज ज्ञवाली सो कम्पनीको संचालक रहेको । | उक्त रकम पहिलो त्रैमासिकमा हिसाब मिलान भईसकेको । | २२६,८४५ | २२६,८४५ |

**नोट :** माथिको तालिकामा कोष्ठ भित्र उल्लेखित रकमहरु कम्पनीले तिर्नुपर्ने रकम रहेको र अन्य रकमहरु कम्पनीले प्राप्त गनुपर्ने रकम वित्तीय प्रतिवेदनको आधारमा जनाईएको छ ।

(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्न भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा:
कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने:
ऋण कारोवार गरेको छैन ।

**ग.१२. विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

**विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मुख्य तथा तात्विक बुँदाहरु :** कम्पनीमा विदेशी लगानी र विदेशी व्यवस्थापन नरहेको ।

**ग.१३. सुचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक बर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्युनतम, अन्तिम बजार मुल्यका साथै कारोवार भएको शेयर संख्या :** निष्काशनकर्ता कम्पनी सुचीकृत संगठित संस्था नभएको ।

**(ख) बोर्डमा विवरण-पत्र दर्ताको लागि प्रस्तुत गर्नु भन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्युन र अन्तिम मुल्यका साथै प्रत्येक महिनामा कारोवार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्र संख्या :** सो नभएको ।

**ग.१४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

**संगठित संस्थाले यसभन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरण-पत्र वा अन्य विवरणहरुमा उल्लेख गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा**

**कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्युन हुन गएको भए यसरी फरक पर्नाको कारण:** हालसम्म कुनै सार्वजनिक निष्काशन नगरिएको ।

**ग.१५. परामर्शदाता/बिशेषज्ञ सम्बन्धी विवरण:**

**(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्यसँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना:**

अ) कम्पनीको आ.व. २०७८/७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण प्रधान एण्ड शाक्य एसोसिएटस्,चार्टर्ड एकाउन्टेण्टस्, बुद्धनगर-१०, काठमाडौं ले गर्नुभएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यवस्था गरिएको छैन ।

इ) यस निष्काशनको लागि देहायका बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | निष्काशन बैंकको नाम | ठेगाना | रकम जम्मा हुने बैंक खाता नं. |
|---|---|---|---|
| १. | नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक मेगा बैंक नेपाल लिमिटेड) | कमलादी, काठमाडौ । | ००१००१०६३८१६७ |

साथै आवश्यकता अनुसार निष्काशन बन्द हुनु अगावै बोर्डलाई जानकारी दिई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत यस धितोपत्र निष्काशनको लागि निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

ई) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको कम्पनीको स्थिति, निष्काशनकर्ता कम्पनीको दक्षता र निष्काशनकर्ता कम्पनीले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी प्रधान एण्ड शाक्य एसोसिएट्स ले प्रमाणित गर्नु भएको छ ।

**(ख) माथि खण्ड (क) मा उल्लेखित संस्था वा व्यक्तिसँग भएको सहमतिका मुख्य मुख्य बुँदा तथा शर्तहरु:** सो निम्न बमोजिम भएको :

- **लेखापरीक्षक:**
  कम्पनीको आ.व.२०७८/७९ को आम्दानी खर्च हिसाब तथा वासलातको लेखापरीक्षण प्रधान एण्ड शाक्य एसोसिएटस्, चार्टर्ड एकाउन्टेण्टस्, ले गर्नुभएको छ ।

- **निष्काशन बैंक (Bankers to the Issue) :**
  निष्काशन बैंक (Banker to the Issue) सँग गरिएका मुख्य बुँदाहरु देहाय बमोजिम रहेका छन् :
  - ➢ संकलन केन्द्रहरुबाट आवेदन फारम वापत जम्मा भएका रकमहरु जम्मा गर्ने ।
  - ➢ लगानीकर्ताहरुको रकमको सुरक्षण गर्ने ।
- **वित्तीय प्रक्षेपणको विवरण तयार पार्ने विज्ञ :** वित्तीय प्रक्षेपण कम्पनीको व्यवस्थापनले तयार गरेको हो ।

**ग.१६. आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण : नभएको**

परियोजना निर्माण गर्नका लागि संस्थापक शेयरधनीहरुको स्व:लगानी र बैंक वित्तीय संस्थाहरुबाट ऋण प्राप्त गरी आयोजनाका कामहरु सञ्चालन भैरहेको छ ।

| क्र.सं. | बैंकको नाम | शुरुको कर्जा रकम (रु.) | किस्ता भुक्तानीको तरिका | शुरु तथा हालको व्याजदर | हालसम्म भुक्तान गरिएको कर्जा रकम | बाँकी कर्जा रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक मेगा बैंक नेपाल लिमिटेड) | ३८९,२९६,०४५।- | मासिक/ त्रैमासिक | ८.६१%<br>११.१७% | १०९,०४१,३५२।- | २८०,२५४,६९३।- |
| २ | नबिल बैंक लिमिटेड (साविक नेपाल बंगलादेश बैंक) | १४९३४१०७८ | मासिक/ त्रैमासिक | १०.५६%<br>११.६५% | ६०,१००,८६३।- | ८९,२४०,२१५।- |

कम्पनीले तल दिएको तालिका अनुसारको कर्जा रकम भुक्तानी गर्ने छ :

नबिल बैंक लिमिटेड (साविक नेपाल बंगलादेश बैंक) को भुक्तानी तालिका (कर्जा नं.००१०००८०३ टि)

| क्र. सं. | मिति | भुक्तानी रकम | ऋण भुक्तानी | व्याज भुक्तानी | बाँकी कर्जा रकम (रु.) |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | आ.व. २०७९।८० को शुरुको मौज्दात | २,१७२,५९०.७४ | | | २,१७२,५९०.७४ |
| २ | आ.व. २०७९।८० | २,२२७,३५१.९० | २,१७२,५९०.७४ | ५४,७६१.१६ | ०.०० |
| **जम्मा** | | | **२,१७२,५९०.७४** | **५४,७६१.१६** | |

नबिल बैंक लिमिटेड (साविक नेपाल बंगलादेश बैंक) को भुक्तानी तालिका (कर्जा नं.001001353T)

| **क्र. सं.** | **मिति** | **भुक्तानी रकम** | **ऋण भुक्तानी** | **व्याज भुक्तानी** | **बाँकी कर्जा रकम (रु.)** |
|---|---|---|---|---|---|
| १ | आ.व. २०७९।८० को शुरुको मौज्दात | ३,४९५,९६६.२० | | | ३,४९५,९६६.२ |
| २ | आ.व. २०७९।८० | ३,७२८,२७४.८४ | ३,४९५,९६६.२० | २३२,३०८.६४ | ०.०० |
| **जम्मा** | | | **३,४९५,९६६.२०** | २३२,३०८.६४ | |

नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक मेगा बैंक नेपाल लिमिटेड) को भुक्तानी तालिका (कर्जा नं.001VLPP180860001)

| **क्र.सं.** | **मिति** | **भुक्तानी रकम** | **ऋण भुक्तानी** | **व्याज भुक्तानी** | **बाँकी कर्जा रकम (रु.)** |
|---|---|---|---|---|---|
| १ | आ.व. २०७९।८० को शुरुको मौज्दात | | | | ७,८९९,९११.५३ |
| २ | आ.व. २०७९।८० | १,९९१,३५१.५२ | १,६३३,२५४.३७ | ३५८,०९७.१५ | ६,२६६,६५७.१६ |
| ३ | आ.व. २०८०।८१ | १,९९१,३५१.५२ | १,७१६,०७९.५७ | २७५,२७१.९५ | ४,५५०,५७७.५९ |
| ४ | आ.व. २०८१।८२ | १,९९१,३५१.५२ | १,८०४,६१२.३५ | १८६,७३९.१७ | २,७४५,९६५.२४ |
| ५ | आ.व. २०८२।८३ | १,९९१,३५१.५२ | १,८९६,९३९.६० | ९४,४११.९२ | ८४९,०२५.६४ |
| ६ | आ.व. २०८३।८४ | ८६०,१५९.२० | ८४९,०२५.६४ | ११,१३३.५६ | - |
| **जम्मा** | | **८,८२५,५६५.२८** | **७,८९९,९११.५३** | **९२५,६५३.७५** | |

नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक मेगा बैंक नेपाल लिमिटेड) को भुक्तानी तालिका (कर्जा नं.001LTGN172440001)

| **क्र.सं.** | **मिति** | **भुक्तानी रकम** | **ऋण भुक्तानी** | **व्याज भुक्तानी** | **बाँकी कर्जा रकम (रु.)** |
|---|---|---|---|---|---|
| १ | आ.व. २०७९।८० को शुरुको मौज्दात | | | | ५,८९५,२५८.७६ |
| २ | आ.व. २०७९।८० | १,००७,३१४.११ | ७२९,३१०.३२ | २७८,००३.७९ | ५,१६५,९४८.४४ |
| ३ | आ.व. २०८०।८१ | ९७०,८६५.२३ | ७२९,३१०.३२ | २४१,५५४.९१ | ४,४३६,६३८.१२ |
| ४ | आ.व. २०८१।८२ | ९३४,४३३.०३ | ७२९,३१०.३२ | २०५,१२२.७१ | ३,७०७,३२७.८० |
| ५ | आ.व. २०८२।८३ | ८९८,३९२.११ | ७२९,३१०.३२ | १६९,०८१.७९ | २,९७८,०१७.४८ |
| ६ | आ.व. २०८३।८४ | ८६१,४१८.७४ | ७२९,३१०.३२ | १३२,१०८.४२ | २,२४८,७०७.१६ |
| ७ | आ.व. २०८४।८५ | ८२४,९६१.५५ | ७२९,३१०.३२ | ९५,६५१.२३ | १,५१९,३९६.८४ |
| ८ | आ.व. २०८५।८६ | ७८८,५६२.६४ | ७२९,३१०.३२ | ५९,२५२.३२ | ७९०,०८६.५२ |
| ९ | आ.व. २०८६।८७ | ७५२,१३०.४२ | ७२९,३१०.३२ | २२,८२०.१० | ६०,७७६.२० |
| १० | आ.व. २०८७।८८ | ६१,०३४.२९ | ६०,७७६.२० | २५८.०९ | - |
| **जम्मा** | | **७,०९९,११२.१२** | **५,८९५,२५८.७६** | **१,२०३,८५३.३६** | |

नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक मेगा बैंक नेपाल लिमिटेड) को भुक्तानी तालिका (कर्जा नं.001LTGN170990001)

| **क्र.सं.** | **मिति** | **भुक्तानी रकम** | **ऋण भुक्तानी** | **व्याज भुक्तानी** | **बाँकी कर्जा रकम (रु.)** |
|---|---|---|---|---|---|
| १ | आ.व. २०७९।८० को | | | | ४९,४८३,२८०.६३ |

| क्र.सं. | मिति | भुक्तानी रकम | ऋण भुक्तानी | व्याज भुक्तानी | बाँकी कर्जा रकम (रु.) |
|---|---|---|---|---|---|
| | शुरुको मौज्दात | | | | |
| २ | आ.व. २०७९।८० | ६,५८९,४०५.७३ | ४,२११,३४३.०० | २,३७८,०६२.७३ | ४५,२७१,९३७.६३ |
| ३ | आ.व. २०८०।८१ | ६,३८४,७०३.६८ | ४,२११,३४३.०० | २,१७३,३६०.६८ | ४१,०६०,५९४.६३ |
| ४ | आ.व. २०८१।८२ | ६,१६८,२७१.४२ | ४,२११,३४३.०० | १,९५६,९२८.४२ | ३६,८४९,२५१.६३ |
| ५ | आ.व. २०८२।८३ | ५,९५७,७०४.२८ | ४,२११,३४३.०० | १,७४६,३६१.२८ | ३२,६३७,९०८.६३ |
| ६ | आ.व. २०८३।८४ | ५,७४७,१३७.१२ | ४,२११,३४३.०० | १,५३५,७९४.१२ | २८,४२६,५६५.६३ |
| ७ | आ.व. २०८४।८५ | ५,५४०,१२७.५० | ४,२११,३४३.०० | १,३२८,७८४.५० | २४,२१५,२२२.६३ |
| ८ | आ.व. २०८५।८६ | ५,३२६,००२.८१ | ४,२११,३४३.०० | १,११४,६५९.८१ | २०,००३,८७९.६३ |
| ९ | आ.व. २०८६।८७ | ५,११५,४३५.६७ | ४,२११,३४३.०० | ९०४,०९२.६७ | १५,७९२,५३६.६३ |
| १० | आ.व. २०८७।८८ | ४,९०४,८६८.५२ | ४,२११,३४३.०० | ६९३,५२५.५२ | ११,५८१,१९३.६३ |
| ११ | आ.व. २०८८।८९ | ४,६९५,५५१.३१ | ४,२११,३४३.०० | ४८४,२०८.३१ | ७,३६९,८५०.६३ |
| १२ | आ.व. २०८९।९० | ४,४८३,७३४.२२ | ४,२११,३४३.०० | २७२,३९१.२२ | ३,१५८,५०७.६३ |
| १३ | आ.व. २०९१।९२ | ३,२२४,८९८.७९ | ३,१५८,५०७.६३ | ६६,३९१.१६ | - |
| **जम्मा** | | **६४,१३७,८४१.०५** | **४९,४८३,२८०.६३** | **१४,६५४,५६०.४२** | |

नेपाल ईन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साविक मेगा बैंक नेपाल लिमिटेड) को भुक्तानी तालिका (कर्जा नं.001VLCC170110001)

| क्र.सं. | मिति | भुक्तानी रकम | ऋण भुक्तानी | व्याज भुक्तानी | बाँकी कर्जा रकम (रु.) |
|---|---|---|---|---|---|
| १ | आ.व. २०७९।८० को शुरुको मौज्दात | | | | १,४१२,६८५.६७ |
| २ | आ.व. २०७९।८० | १,०८४,७६९.६४ | १,०३७,५९३.८८ | ४७,१७५.७६ | ३७५,०९१.७९ |
| ३ | आ.व. २०८०।८१ | ३७९,२३९.२२ | ३७५,०९१.७९ | ४,१४७.४३ | - |
| **जम्मा** | | **१,४६४,००८.८६** | **१,४१२,६८५.६७** | **५१,३२३.१९** | |

**ग.१७. मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा व्यवस्थापनको धारणा :
यस्तो प्रकारको कुनैपनि मुद्दा हाल चलिरहेको छैन ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण:
यस्तो प्रकारको कुनैपनि मुद्दा हाल चलिरहेको छैन ।

(ग) विगत पाँच वर्षमा संगठित संस्थाको कुनै संस्थापक/सञ्चालक कालो सूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संस्थापक/संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नुपर्ने :
यस्तो अवस्था हालसम्म विद्यमान नरहेको ।

(घ) संगठित संस्था बैंक वा वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु :
यस्तो अवस्था हालसम्म विद्यमान नरहेको ।

**ग.१८. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

निष्काशित धितोपत्र सम्बन्धी लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि निष्काशन कम्पनी तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा एक विशेष कक्षको व्यवस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यम मार्फत आफ्नो गुनासो तथा सुझावहरु प्रेषित गर्न सक्नेछन् :

१. निष्काशनकर्ता कम्पनीको तर्फबाट
नाम : माधवी थापा (मानव संसाधन अधिकृत)
फोन नं.: ०१-४२६५१०० तथा इमेल: info@nagariknews.com
२. निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट

नाम : मनिषा दाहाल (ईन्चार्ज - मर्चेन्ट बैकिङ्ग विभाग)
फोन नं.: ०१-५३६२७९० तथा इमेल: info@megacapitalmarkets.com

**ग.१९. नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो व्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्रको संख्या र दर सम्बन्धी विवरण:** सो नभएको ।

**ग.२०. ऋणपत्र निष्काशन सम्बन्धी विवरण:** हालसम्म कम्पनीले ऋणपत्र जारी गरेको छैन ।

**ग.२१. अग्राधिकार शेयर निष्काशन सम्बन्धी विवरण:** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**ग.२२. अन्य सामान्य जानकारी:**

**(क) विशेषज्ञको कुनै राय भएमा, सो को विवरण:**

प्रक्षेपित वित्तीय विवरण ठिक छ भनि प्रधान एण्ड शाक्य एसोसिएट्स ले प्रमाणित गर्नु भएको हो । वास्तविक वित्तीय विवरणका आधारमा संगठित संस्थाले तयार गरेको प्रक्षेपित वित्तीय विवरण यथार्थपरक रहेको व्यहोरा प्रमाणित गरी आफ्नो राय व्यक्त गर्नुभएको छ ।

**(ख) गत तीन आर्थिक वर्ष भित्रमा कुनै संचालक, लेखापरीक्षक परिवर्तन भएको भए, सो को कारण :**

यस लिमिटेड कम्पनीको लेखा परिक्षकको हाल दोस्रो वर्ष भएको हुँदा गत तीन आर्थिक वर्षहरुमा कुनै परिवर्तन नभएको तर संचालकहरुको हकमा भने संचालक सम्वृद्धि ज्ञवालीले र स्वतन्त्र संचालक अन्जन कुमार दाहालले कार्य व्यस्तताले कार्य गर्न नसक्ने भएको कारणले गर्दा आ.व. २०७८/७९ को दोस्रो वार्षिक साधारण सभाबाट परिवर्तन गरिएको । साथै, संस्थापक शेयरधनी शुभारम्भ होल्डिङ्गस एण्ड डेभलपर्स प्रा.लि. का कानुनी सल्लाहकार अन्जन कुमार दाहाललाई सो शेयरधनी कम्पनीको प्रतिनिधि स्वरुप पुन संचालकमा नियुक्त गरिएको र स्वतन्त्र संचालकमा रोमनाथ घिमिरेलाई नियुक्त गरिएको छ ।

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

नाम: मदन अर्याल
ठेगाना: का.जि.का.म.न.पा. वडा नं. ३२ पेप्सीकोला
योग्यता: अर्थशास्त्रमा स्नात्तकोतर

**(घ) सार्वजनिक निष्काशन गर्नका लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धी विवरण :**

कम्पनीको मिति २०७९ असोज ६ गते बसेको दोस्रो वार्षिक साधारण सभाको विशेष प्रस्ताव नं. १, बमोजिम सर्वसाधारणको लागि शेयर निष्काशन गर्ने निर्णय भएको र विशेष प्रस्ताव नं. २ तथा ३ बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने निर्णय भएको साथै, कम्पनीको मिति २०७९ असोज २८ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्ताव नं. २ तथा ३ बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गरि संशोधित प्रबन्धपत्रको दफा ६ बमोजिम कम्पनीको जारी पूँजीको ४४.९९२२ प्रतिशत अर्थात रु.४३,५३,००,०००/- (अक्षरेपी त्रिचालीस करोड त्रिपन्न लाख रुपैया मात्र) रकम बराबरको रु.१००/- अंकित दरका ४३,५३,००० कित्ता शेयर सर्वसाधारणको लागि बिक्री गर्न छुट्टयाएको छ । उक्त शेयर निष्काशन प्रयोजानार्थ नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेश गर्ने लगायत योसँग सम्बन्धित आवश्यक सम्पूर्ण प्रकृयाको लागि मिति २०७९/०५/१६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनी सचिव श्री मदन अर्याललाई अख्तियार प्रदान गर्ने निर्णय भएको ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष करसुविधा दिइएको भए, सो सम्बन्धी विवरण:** सो नभएको ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय:**

कार्यालय समयभित्र निम्नलिखित स्थानहरुमा कम्पनीको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाहको विवरण प्राप्त गर्न वा निरीक्षण गर्न सकिनेछ ।

१. कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, जेडिए कम्प्लेक्स सुन्धारा काठमाण्डौं ।
२. धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं ।

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

हालसम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन र नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धी व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा :**

यस विवरण-पत्र मार्फत कुल ४३,५३,००० कित्ता साधारण शेयर सर्वसाधरणका लागि निष्काशन गरिनेछ । साथै सो सर्वसाधारणलाई निष्काशन गर्ने शेयर संख्याको ४% अर्थात १,७४,१२० कित्ता शेयरहरु कम्पनीको सेवामा रहेका कर्मचारीहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ र ५% अर्थात २,१७,६५० कित्ता शेयरहरु सामूहिक लगानी कोषहरुका लागि छुट्याएर सुरक्षित राखिएको छ तथा १० प्रतिशत अर्थात ४,३५,३०० कित्ता शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका लागि

छुट्याएर सुरक्षित राखिएको छ । कर्मचारीहरुको लागि यसरी छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्यपूर्ण तवरबाट बाँडफाँड गर्नेछ र सामुहिक लगानी कोषको हकमा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम बाँडफाँड गरिने छ तथा नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा रोजगारी गरिरहेका नेपालीहरुका हकमा नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार बाँडफाँड गरिने छ । सामूहिक लगानी कोषहरु, कर्मचारी र विदेशमा रोजगारी गरिरहेका नेपालीहरुबाट सम्पूर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम बाँडफाँड गरिनेछ ।

**(झ) कम्पनीले कम्पनी ऐनले गरेको व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषणः**

कम्पनीले कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्थाहरु, आफूले गर्ने व्यवसायसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था तथा नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र सोही निर्देशनहरुको दायरा भित्र रही कार्य गरिरहेको र यस विवरण-पत्रमा उल्लेख गरिएको विवरणहरु समेत सोही अनुरुप तयार गरिएको हो भन्ने कम्पनीको उद्घोषण रहेको छ ।

कम्पनीको मिति २०७९ असोज ६ गते बसेको दोस्रो वार्षिक साधारण सभाको सामान्य प्रस्ताव नं.२, बमोजिम आ.व. २०७८/०७९ को लेखापरीक्षक चार्टडएकाउन्टेन्ट फर्म प्रधान एण्ड शाक्य एसोसिएटस्को लेखा परीक्षण प्रतिवेदन र अनुसूची सहितको वित्तिय विवरणहरु पारित गर्ने निर्णय भएको ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्थाः**

यस विवरणपत्र मार्फत निष्काशित साधारण शेयर बिक्री वितरणका लागि नेपाल धितोपत्र बोर्डबाट इजाजतपत्र प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुका तथा तिनका तोकिएको शाखा कार्यालयहरुबाट आबेदन दिनसक्ने ब्यबस्था गरिएको छ साथै सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडद्वारा सञ्चालित मेरो शेयर (Mero Share) अनलाइन प्रणाली मार्फत पनि आवेदन गर्न सकिनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्थाः**

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ (छैठौं संशोधन सहित) मा भएको व्यवस्था बमोजिम संस्थाको रेटिङ्ग गराउनु पर्ने भएकोले क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ३ बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था इन्फोमेरिक्स क्रेडिट रेटिङ्ग नेपाल लि., काठमाण्डौबाट इस्युर रेटिङ्ग गराई "IRN B+ (Is)" [Single B Plus (Issuer)] रेटिङ्ग प्राप्त गरेको छ । जसले कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा उच्च जोखिम (High risk of default regarding timely servicing of financial obligations) रहेको जनाउँदछ । सो रेटिङ्गको वैधता अवधि एक बर्ष रहनेछ ।

रेटिङ्ग प्रदान गरेको मिति : बि.सं. २०७९/०६/३० (ई.सं. २०२२/१०/१६)

रेटिङ्ग बहाल रहने अवधि : बि.सं. २०८०/०६/२५ (ई.सं. २०२३/१०/१२)

**(ठ) विवरणपत्र तयार गर्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण :**

यस विवरणपत्र तयार पार्ने व्यवसायिक संस्थामा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड, त्रिपुरेश्वर, काठमाडौं रहेको छ ।

**(ड) सकारात्मक पक्षहरु :**

१) मिडिया क्षेत्रमा करिव ४ दशक बर्षसम्म प्रकाशक रही आफुले स्थापना गरेको मिडियालाई देशकै अग्रणी मिडिया हाउसको रुपमा विकाश गर्दै आएका अनुभवी नेपाल सरकारको उच्च तहमा रही काम गर्नुभएका पूर्व प्रकाशक श्री हेमराज ज्ञवाली र वहाँकै छोरा श्री बिनोदराज ज्ञवालीबाट स्थापीत मिडिया भएको तथा यहाँ कार्यरत पत्रकार तथा कर्मचारीहरु बिसौंबर्ष यहीं क्षेत्रमा कार्यरत दक्ष अनुभवी र योग्य जनशक्ति भएकोले यस संस्थाको व्यवस्थापन सक्षम तथा प्रभावकारी भएको छ ।

२) यो मिडियाले शुरु गरेका बिभिन्न संस्करण तथा सामाग्रीहरु नेपाली पत्रकारीता जगतमा नित्यान्तै नौलो र पठनिय हुँदै आइरहेको छ । यसबाट नेपालका अन्य मिडियाहरुले समेत पाठ सिकी हाम्रै उद्देश्य अनुसार नक्कल गरीरहेकोले अन्य मिडियाहरुको लागी समेत यो एक महत्वपूर्ण मिडिया साबित भएको छ । नेपाली पत्रकारिताको क्षेत्रमा पाठकहरुको चाहना अनुरुपका प्रकाशन राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा नियमित प्रकाशन तथा बिक्री वितरण गर्दै आइरहेका पक्ष हाम्रो लागि सकारात्मक पक्ष हो ।

३) देशमा भएका महत्वपूण सकारात्मक परिवर्तन संगै राज्य संचालनमा पारदर्शिता, निश्पक्षता र निति निर्माणमा जनचासोको पहुँच सहज रुपमा पुराउनको लागि यो मिडिया एक महत्वपूर्ण र भरपर्दो माध्ययम बनेको छ । मिडिया जगतमा सरल, सुलभ र सहज ढंगले आधुनिक तथा प्रविधियुक्त प्रणालीको विकास गर्न सकेको ।

४) आर्थिक, राजनीतिक र प्रतिष्पर्धी मिडिया ब्यवसाय सुहाउँदो रणनीति अवलम्वन गरी व्यवसाय विस्तार गर्न सफल रहेकोछ ।

५) नीतिगत पारदर्शिता र बलियो संस्थागत शुसासनको पक्षमा सधै शसक्त ढंगले कलम चलाउँदै आएको छ ।

**ढ) शेयर रजिष्ट्रार सम्बन्धी व्यवस्था :**

नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचिकरण गरे पश्चात् शेयरको नामसारी, दस्तखत रुजु आदि सम्बन्धी कार्य यस कम्पनीको कार्यालयबाट वा कम्पनीको सञ्चालक समितिले तोके बमोजिम शेयर रजिष्ट्रारको कार्यालयबाट हुने गरी व्यवस्था गरिनेछ ।

**(ण) धितोपत्र बिक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आवेदन दिने अवधि बिक्री खुल्ला भएको मितिबाट १५ दिन हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीलाई शेयर बाँडफाँड पश्चात् सर्वसाधारणको लागि शेयर निष्काशन खुल्ला गरिनेछ । सार्वजनिक निष्काशन मार्फत् सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन लिने कार्य कम्तीमा ४ कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधि भित्र सार्वजनिक निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा दरखास्त खुल्ला भएको मितिले बढीमा १५ दिनका लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ ।

**ग.२३. (क) बैंकिङ्ग वित्तीय वा बीमा सम्बन्धी व्यवसाय गर्ने संगठित संस्था बाहेकका अन्य संगठित संस्था ले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ९ उप-नियम ३ बमोजिम धितोपत्रको सार्वजनिक निष्काशन गर्दा देहायका शर्तहरु पुरा गरेको हुनु पर्नेछः**

| क.सं. | शर्तहरु | पालना भएको/नभएको |
|---|---|---|
| क | पब्लिक कम्पनीको रुपमा आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि आवश्यक कार्यहरु अगाडि बढाई पूरा एक आर्थिक वर्षको अवधि पूरा गरेको । | नेपाल रिपब्लिक मिडिया लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५/०४/२० गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भएकोमा मिति २०७८/०३/०७ गते देखि पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई कारोबार संचालन गर्दै आइरहेको छ । |
| ख | प्रचलित कानून बमोजिम लेखापरीक्षण तथा साधारण सभा सम्पन्न गरेको । | २०७९ आश्विन ६ गते साधारण सभा गरेको । |
| ग | आफ्नो उद्देश्य अनुसार कारोवार संचालन गर्नका लागि प्रचलित कानून बमोजिम कुनै निकायबाट इजाजत, अनुमति वा स्वीकृति लिनुपर्ने भएमा त्यस्तो इजाजत, अनुमति वा स्वीकृति लिइसकेको । | १) २०७९ असार १६ गते विधिवत रुपमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कारोबार स्वीकृतीको लागि अनुमित लिई पब्लिक कम्पनीको हैसियतमा कारोबार गर्दै आएको ।<br>२) कम्पनीको साविक प्रा.लि. कम्पनी हुँदा दर्ता रहेको नागरिक दैनिक, रिपब्लिका दैनिक, शुक्रबार साप्ताहिकको दर्ता मिति ०४/२९/२०७८ मा पब्लिक कम्पनीमा दर्ता कायम हुने गरि परिवर्तन भईसकेको र उक्त इजाजतहरु नविकरण गर्नु नपर्ने जानकारी गराउँदछौं । |
| घ | संगठित संस्थाको लागि आवश्यक पर्ने जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी कारखाना भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण कार्य शुरु गरिसकेको । | कम्पनीले काठमाडौं, ललितपुर, बाँके लगायतका स्थानहरुमा आवश्यक जग्गा खरिद वा अन्य प्रकारले व्यवस्था गरी प्रेस भवन, कार्यालय भवन, गोदामघर तथा अन्य आवश्यक सुविधाहरुको निर्माण भई व्यावसायिक कार्य निरन्तर नै रहेको । |
| ङ | उत्पादनको प्रविधि छनौट गरी उद्योगको लागि आवश्यक पर्ने यान्त्रिक उपकरण तथा त्यसका पार्टपूर्जा आदि खरीद गर्नुपर्ने भएमा टेण्डर आदि गरी खरीद प्रकृया अगाडि बढाई सकेको । | कम्पनीको लागि चाहिने यान्त्रिक उपकरण तथा त्यसका पार्टपुर्जा खरिद भइसकेको । |
| च | धितोपत्रको सार्वजनिक निष्काशन सम्बन्धमा निष्काशन तथा बिक्री प्रबन्धकसँग सम्झौता भइसकेको । | निष्काशन तथा बिक्री प्रबन्धक श्री मेगा क्यापिटल मार्केट्स लिमिटेड सँग २०७८ चैत्र महिना ६ गते सम्झौता भएको र त्यसको मिति २०७९/०६/२९ मा संशोधन समेत भएको । |
| छ | आयोजनाको निर्माण अवधिभर कम्पनीको ऋण र पूँजीको अनुपात निर्देशिकामा तोकिएको अनुपातमा राख्न सहमत भएको । | कम्पनीको व्यावसायिक कार्य शुरुको अवस्था देखि नै संचालनमा नै रहेको हुँदा यो प्रावधान लागु नहुने तर पनि हालसम्म विभिन्न बैंकसंग कारोवार गर्दा कम्पनीले ऋण र पूँजीको अनुपात तोकिएबमोजिम कायम राखेर नै कारोवार हुँदै आएको छ । |
| ज | संस्थापकहरुले लिन कबुल गरेको धितोपत्रको रकम | संस्थापकहरुको आफूले लिन कबुल गरेको ५३,२२,००० शेयर |

| | | |
|---|---|---|
| | शत प्रतिशत चुक्ता भैसकेको । | संख्याको प्रति शेयर रु.१००/- का दरले रु.५३,२२,००,०००/- शतप्रतिशत चुक्ता भई सकेको छ । |
| झ | परियोजना निर्माणका लागि फाइनान्सियल क्लोजर (Financial Closure) भैसकेको । | कम्पनी संचालनमा नै रहेको हुँदा निर्माण अवधिको फाइनान्सियल क्लोजर (ँष्लबलअष्बा ऋयिकगचभ) आवश्यक नहुने तर अन्य आवश्यक बैकिङ्ग कारोबार भने नियमित रुपमा भएको । |
| ञ | जलविद्युत उत्पादन संस्था भएमा, विद्युत खरिद सम्झौता गरिसकेको । | लागु नहुने । |
| ट | सर्वसाधारणका लागि निष्काशन गर्न लागेको शेयरहरु निर्देशिकामा तोकिए बमोजिम प्रत्याभूति गराएको । | धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, मा तोकिए बमोजिम शतप्रतिशत रुपमा श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड नयाँ बानेश्वर, काठमाडौं सँग मिति २२/०७/२०७९ मा सम्झौता भईसकेको र श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाडौं तथा श्री सिभिल क्यापिटल मार्केट लिमिटेड, सुन्धारा, काठमाडौं बाट आवश्यक प्रत्याभूति गर्ने गरि मिति २३/०७/२०७९ मा सम्झौता भईसकेको । |

**ग.२३.(ख) सञ्चालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरण-पत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत ।

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | श्री बिनोदराज ज्ञवाली | अध्यक्ष | |
| २. | श्री शोभा ज्ञवाली | कार्यकारी सञ्चालक | |
| ३. | श्री अन्जन कुमार दाहाल<br>(आधिकारिक प्रतिनिधि शुभारम्भ होल्डिङ्गस प्रा.लि.) | सञ्चालक | |
| ४. | रोमनाथ घिमिरे | स्वतन्त्र सञ्चालक | |

**ग.२४ निष्काशन तथा बिक्री प्रबन्धकको प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स् सर्टिफिकेट) को प्रति :**

Regd No.: 176502/074/075

MEGA
CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड
**(100% Subsidiary of Mega Bank Nepal Limited)**

चलानी नं.१०२७/२०७९/०८०

मितिः २०७९/१०/२५

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : धितोपत्र निष्काशन तथा बिक्री प्रबन्ध बारे ।**

महोदय,

बागमती प्रदेश, बागमती अञ्चल, जेडिए कम्प्लेक्स सुन्धारा काठमाण्डौं, नेपालमा रजिष्टर्ड कार्यलय रहेको नेपाल रिपब्लिक मिडिया लिमिटेडले तपसिल बमोजिम सार्वजनिक निष्काशन गर्न लागेको प्रति कित्ता अंकित मूल्य रु.१००/- दरका ४३,५३,००० कित्ता साधारण शेयर निष्काशन तथा बिक्री प्रबन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौ । साधारण शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाइनेछ । यस निष्काशन सम्बन्धमा कम्पनीले उपलब्ध गराएको विवरण बमोजिम देहायका कुराहरु जानकारी गराउँदछौ ।

१. कम्पनीको विवरण-पत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसवाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्धारा निष्काशन गर्न लागेको धितोपत्र, धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सुचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य रहेको छ ।

४. कम्पनीले निष्काशन गर्न लागेको शेयरको लागि आवेदन दिने आवेदकहरुलाई विवरण-पत्र तथा दरखास्त फाराम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा कम्पनीसँग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौ ।

५.हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियामावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरु सँग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
**मेगा क्यापिटल मार्केट्स लिमिटेडको तर्फवाट**
नाम : शुलभ श्रेष्ठ
पद : का.मु प्रमुख कार्यकारी अधिकृत

सहि : ..............................

कार्यालयको छाप :

MEGA
CAPITAL MARKETS LIMITED
मेगा क्यापिटल मार्केट्स लिमिटेड

ग.२५ विवरण-पत्र, वित्तीय विवरण तथा अन्य कुनै कुरामा विज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :


PRADHAN & SHAKYA
ASSOCIATES
CHARTERED ACCOUNTANTS

Buddhanagar-10, Kathmandu
+977-4532086
www.pnsca.com.np
info@pnsca.com.np


## Report on examination of Prospective Financial Statements of Nepal Republic Media Ltd.

We have examined the Prospective Financial Statements of Nepal Republic Media Ltd., for the next five projected years starting from FY 2079/80 prepared for the purpose of issuance of "Initial Public Offerings", in accordance with the Nepal Standards on Assurance Engagements applicable to the examination of prospective financial information.

Management is responsible for the projections including the assumptions set out in the "Prospective Financial Statement" on which it is based.

Based on our examination of the evidence supporting the assumptions, nothing has come to our attention that causes us to believe that these assumptions do not provide a reasonable basis for projection. Further, in our opinion, the forecast is properly prepared on the basis of assumptions and is presented in accordance with Nepal Financial Reporting Standards (NFRS).

The projected financial information has been prepared for the issuance of "Initial Public Offerings", using a set of assumptions that include hypothetical assumptions about future events and management's actions that are not necessarily expected to occur. Consequently, readers are cautioned that the prospective financial information is not used for purposes other than that described.

For Pradhan and Shakya Associates,
Chartered Accountants

Pradhan & Shakya Associates
Kathmandu, Nepal
Chartered Accountants

CA Pratish Shakya
Partner
Date: April 15, 2023
Place: Kathmandu, Nepal

UDIN: 230421CA00988WWr1W